# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २७ | काठमाडौं | आइतबार, ०६ जेठ २०८१ | Prabhab National Daily | Sunday, May 19, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# विधि तोड्दै अघि बढ्दै गृहमन्त्री



- प्रहरीको सरुवा र बढुवामा गृहमन्त्री लामिछानेको मनोमानी
- प्रहरी संगठन विधिमा चल्ने गृहमन्त्रीको भनाइ आफ्नै व्यवहारले काटिदै
- गृहमन्त्री हाबी हुँदा प्रहरी 'चेन अफ कमान्ड' प्रभावित

**प्रभाव संवाददाता**

**काठमाडौं-** उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने धमाधम प्रहरी संगठनमा विधिलाई तोड्दै अघि बढेका छन् । वरिष्ठतालाई मिचेर बढुवा गर्नेदेखि प्रहरी महानिरीक्षक नभएका बेला सरुवा गराउने काममा लामिछाने सक्रिय हुँदै आएका छन् । यी दुवै कार्यले प्रहरी संगठनमा 'चेन अफ कमान्ड' भत्किने र प्रहरी अधिकारीहरूको मनोबलसमेत खस्किनेतर्फ चिन्ता प्रकट भइरहेको छ ।

शुक्रबारमात्रै नेपाल प्रहरीका चार प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) कृष्णहरि शर्मा पोखरेल, दानबहादुर कार्की, डा. मनोज केसी र राजन अधिकारी प्रहरी नायब महानिरीक्षक (डिआइजी)मा बढुवा गर्दा वरिष्ठता मिचे । डिआइजी सिफारिस भएकामध्ये कार्की २०५२ र बाँकी तिनै जना २०५४ सालमा प्रहरी निरीक्षक भएका थिए ।

जबकि २०५१ र २०५३ मा प्रहरी निरीक्षकमा भर्ना भएका ब्याचबाट बढुवामा कोही परेनन् । चारजना डिआइजीका लागि भने २०५१, २०५२, २०५३ र २०५४ मा प्रहरी निरीक्षक भएकाबाट ३० जना एसएसपीहरू प्रतिस्पर्धामा थिए । तर, २०५१ र २०५३ लाई छाडेर २०५२ र २०५४ का प्रहरी निरीक्षकहरूलाई डिआइजीमा बढुवा गराउने काम भयो । यससँगै एकातिर २०५३ सालमा प्रहरी निरीक्षक भएकाहरूबाट प्रहरी महानिरीक्षक बन्ने सम्भावना टरेको छ ।

स्रोतका अनुसार २०५३ सालमा प्रहरी निरीक्षक भएकाहरू आफूहरूको बढुवा नभए पनि २०५४ सालका प्रहरी निरीक्षकहरूलाई बढुवा हुन नदिने प्रयासमा थिए । तर, गृहमन्त्री लामिछानेको सामु उनीहरूको सीप चलेन । उनकै चाहनाअनुसार चारै जना एसएसपीहरूको डिआइजीमा सिफारिस भएको स्रोतको दाबी छ ।

डिआइजीमा बढुवा भएका कार्की र केसी नक्कली भुटानी शरणार्थी काण्डको अनुसन्धान अधिकृत हुन् । तर पनि वरिष्ठतालाई मिचेर उनीहरू डिआइजी भए । २०५२ को ब्याजी शर्माभन्दा अघि ५ चैत २०५१ मा भोलाबहादुर रावल, ध्रुवराज राउत र गणेश चन्द प्रहरी निरीक्षक भएका थिए । रावल र राउत १२ मंसिर २०७८ मा एसएसपीमा बढुवा भएका थिए । चन्द भने २०५३ र २०५४ को टोलीसँगै १ साउन २०७९ मा एसएसपीमा बढुवा भएका थिए । उनीहरू तीनै जना यसपटक बढुवामा परेनन् । यस्तै २०५३ को टोलीबाट डिआइजी बढुवाको प्रतिस्पर्धामा सिद्धिविक्रम शाह, सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदीलगायत थिए । उनीहरू राष्ट्रिय अनुसन्धानबाट आएका हुन् । तर, बढुवामा छुटेसँगै राष्ट्रिय अनुसन्धानबाट आएको टोली अहिलेकै परिस्थितिमा प्रहरी महानिरीक्षक बन्ने प्रतिस्पर्धाबाट बाहिरिएका छन् ।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले भने आफ्नै ब्याच (२०५१)का एसएसपीहरू हुँदाहुँदै जुनियरलाई बढुवा गर्दा प्रहरी संगठनमा चेनअफ कमान्ड कमजोर हुने भन्दै रोक्न प्रयास गरेका थिए । तर, उनको सीप चलेन । वरिष्ठता मिचेर बढुवाको विधि तोडे ।

(क्रमशः पृष्ठ २ मा)

सहकारीको रकम हिनामिना प्रकरण

# छानबिन समिति बनाउने सहमति

- कार्यादेश बनाउन कानुनमन्त्री पदम गिरीले संयोजन गर्दै ।
- एमालेका सचेतक महेश बर्तौला, कांग्रेसका जीवन परियार र रास्वपाका शिशिर खनाल कार्यदलमा



संसदीय छानबिन समिति बनाएर जाने विषयमा समान धारणा बनेको छ । समितिको कार्यादेश कस्तो हुने भन्ने विषय टुंगिन बाँकी छ, आज कार्यदलले यो विषय टुंगो लगाउने छ ।

**रमेश लेखक**
**प्रमुख सचेतक, नेपाली कांग्रेस**

**जेबी योञ्जन**

**काठमाडौं-** नेपाली कांग्रेससहित विपक्षी दलहरूको दबाबपछि अन्ततः सरकार सहकारीको बचत अपचलनबारे संसदीय छानबिन समिति बनाउन सहमत भएको छ । संसद्बाट नीति तथा कार्यक्रम यही ९ जेठसम्ममा पारित गर्नुपर्ने बाध्यता छँदा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सदन चल्नै नदिएपछि छानबिन समिति गठन गर्न सरकार तयार भएको हो । शनिबार भएको शीर्ष नेताहरूबीचको छलफलमा समिति बनाउने सहमति जुटेको कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले जानकारी दिए । यद्यपि समितिलाई दिइने कार्यादेशबारे भने टुंगो लाग्न बाँकी रहेको उनले बताए ।

'मूलतः समिति बनाउने सहमति भयो । समितिको कार्यादेश कस्तो हुने भन्ने विषयमा पनि काम गर्दै जाने भन्ने कुरा भयो,' लेखकले भने, 'सकारात्मक छलफल भएको छ, सकारात्मक रूपमै अघि बढ्छ भन्ने हामीले विश्वास लिएका छौं ।'

सभामुख देवराज घिमिरेले प्रतिनिधिसभा बैठक आज बिहान ११ बजेका लागि बोलाएका छन् । बैठकअघि नै छानबिन समितिको कार्यादेशबारे काम हुने प्रमुख सचेतक लेखकको भनाइ छ ।

'टिओआरमा बिहानैदेखि काम हुन्छ । साथीहरू बसेर छलफल गर्नुहुन्छ । मूलतः संसदीय छानबिन समिति बनाएरै जाने कुरामा समान धारणा छ,' लेखकले भने ।

संसदीय छानबिन समितिको कार्यादेश बनाउन कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी र दलहरूका प्रतिनिधि संलग्न कार्यदलले काम गर्ने छ । कार्यदलमा नेकपा एमालेका सचेतक महेश बर्तौला, कांग्रेसका जीवन परियार र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का शिशिर खनाल रहने छन् । उक्त कार्यदलले आज टिओआर बनाउने छ ।

संसदीय छानबिन समिति बनाउने भए पनि उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने केन्द्रित नहुने भएको छ । व्यक्ति तोकेरै छानबिन समिति गठन गर्नुपर्ने पक्षमा यसअघि कांग्रेस थियो । प्रमुख सत्तारुढ घटक एमाले, नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालसँगै सहकारीको बचत अपचलनकाण्डमा मुछिएका गृहमन्त्री लामिछाने व्यक्तिकेन्द्रित छानबिन समिति गठनको विपक्षमा थिए । शनिबार व्यक्ति केन्द्रित नगरिकन छानबिन समिति गठन गर्न कांग्रेस पनि सहमत भएको हो । जसकारण छानबिन समिति गठन गर्ने दलहरूबीच समझदारी भएको हो ।

त्यसका लागि शनिबार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सत्तापक्ष र प्रमुख प्रतिपक्षी कांग्रेसका शीर्ष नेताहरूको बैठक बसेको थियो । सुरुमा प्रधानमन्त्री दाहाल, एमाले अध्यक्ष केपी शर्मा ओली र रास्वपा सभापति एवं उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले छलफल गरेका थिए । सोही बैठकमै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँगै महामन्त्री गगन थापा, कृष्णप्रसाद सिटौला र रमेश लेखक मिसिएका थिए । बैठकपछि सहकारीको बचत अपचलनबारे छानबिन गर्न समिति गठन गर्न दलहरूबीच समझदारी बनेको हो ।

त्यसअघि बिहानै बालुवाटार पुगेर सभामुख घिमिरेले प्रधानमन्त्री दाहाल र ओलीसँग भेट गरेर जसरी पनि सहझदारी जुटाउन आग्रह गरेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

## कांग्रेसको निशानामा रवि !

गत १ चैतमा करिब १० हजार बचतकर्ता रहेको बुटवलको सुप्रिम सहकारीका एक हजार ८३१ सदस्यले प्रहरीमा उजुरी दिए । उजुरीपछि रूपन्देही प्रहरीले अनुसन्धान गर्‍यो । अनुसन्धानपछि प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझायो । प्रतिवेदनकै आधारमा सरकारी वकिल कार्यालयले ३ वैशाखमा जिल्ला अदालतमा मुद्दाको अभियोजन गरेको थियो ।

जहाँ रवि लामिछानेले विनाधितो ऋण लिएको मात्र होइन, किस्ता तिर्दासमेत सहकारीकै पैसा अपचलन गरेको उल्लेख छ । त्यो अभियोजन पत्रमा ऋणीको नाम र खाता नम्बर शीर्षकअन्तर्गत ८ नम्बरमा रवि लामिछाने, गोर्खा मिडिया प्रालि र बैंक खाता उल्लेख छ । प्रतिवेदनमा नै लामिछानेको नाममा दुई करोड व्यापार कर्जा स्वीकृत भई एक करोड ९६ लाख गोर्खा मिडिया नेटवर्क प्रालिको ग्लोबल आइएमई बैंकस्थित खातामा जम्मा भएको कागजात छ ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# 'विदेश जानेलाई ठगिनबाट जोगाउने दायित्व सबैले लिऔं'



**प्रभाव संवाददाता**

**काठमाडौं-** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले वैदेशिक रोजगारीमा जाने नेपालीहरूलाई ठगिनबाट जोगाउने दायित्व सबैले लिनुपर्ने बताएका छन् । शनिबार राजधानीमा आयोजित नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको १२औं साधारणसभालाई सम्बोधन गर्ने क्रममा उनले विदेश जाने नेपालीलाई ठगिनबाट जोगाउने दायित्व सबैले लिनुपर्ने बताएका हुन् । अहिले मुलुकमा वैदेशिक रोजगार बाध्यात्मक अवस्थामा रहेको सभापति देउवाको भनाइ छ ।

उनले वैदेशिक रोजगारीमा जाने नेपालीहरू अनेक समस्यामा पर्ने र दुःख पाइरहने अवस्थाको अन्त्य गर्न सरकारले आवश्यक कदम चाल्नुपर्ने बताए । विदेशमा रोजगार गर्न जाने कुरा सजिलो नभएको भन्दै त्यहाँ श्रमिकमाथि भइरहेको शोषण र ठगीका समस्या रोक्न उनले सरकारसँग आग्रहसमेत गरे । 'वैदेशिक रोजगारीमा गएका नेपालीबाट आउने रेमिटचान्सले नै देशको अर्थतन्त्र चलेको छ,' सभापति देउवाले भने, 'श्रमिकहरू ठगीमा पर्ने र दुःख पाउने अवस्थाबाट मुक्त हुनुपर्छ, त्यसमा तपाईं हाम्रो पनि दायित्व छ ।'

विदेश गएका थुप्रै नेपाली ठगिएको र दुःख पाएको कुरा सार्वजनिक हुने गरेको भन्दै यसलाई रोक्न वैदेशिक रोजगार व्यवसायीले पनि भूमिका खेल्नुपर्ने देउवाको भनाइ छ । 'रोजगारीमा गएका साथीहरू ठगिनु भएन, दुःख पाउनु भएन, जेलमा थुनिएका छन्, धेरै दुःख पाएका छन्, यो अवस्थाको अन्त्य गर्न लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले नेतृत्वदायी भूमिका लिनुपर्छ,' उनले भने ।

त्यस्तै कांग्रेस नेता शेखर कोइरालाले स्वदेशमा रोजगारीको अवसर सिर्जना हुन नसकेका कारण नेपालीहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो रहेको बताए । उनले नेपालीहरू रोजगारीका लागि विदेश जाने क्रम बढेसँगै समस्याहरू पनि बढ्दै गएका कारण यसको न्यूनीकरणमा सरकारले ध्यान दिनुपर्ने बताए । 'श्रमिकहरूलाई विदेश पठाउँदा अनेक समस्या आउँछन्, त्यसको समाधानमा सरकारमात्र नभई व्यवसायीहरू पनि उत्तिकै जिम्मेवार हुनुपर्छ,' उनले भने । नेता कोइरालाले वैदेशिक रोजगारीको क्षेत्रमा भन्दा गिजोलिएको वर्तमान राजनीति र सत्ता समीकरणमा भइरहेको परिवर्तनप्रति बढी समय खर्चिए ।

त्यसैगरी एसोसिएसनको साधारणसभा र निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गराउने जिम्मेवारी पाएका नेपाली कांग्रेस वैदेशिक रोजगार विभाग प्रमुख प्रकाश रसाइली स्नेहीले वैदेशिक रोजगारीका सन्दर्भमा देखिएका समस्या समाधानका लागि पार्टीले विशेष अभियान नै सुरु गर्ने बताए । समस्याको जड पत्ता लगाएर कुनै पनि नेपाली रोजगारीका लागि विदेश जाँदा अप्ठ्यारोमा पर्न नदिन व्यवसायीसँग समन्वय गर्दै अगाडि बढ्न पार्टी विभाग तयार रहेको उनले बताए ।

(क्रमशः पृष्ठ २ मा)

## गैरकानुनी कामदारको उद्धार गर्न छुट्टै कोषको तयारी

**काठमाडौं (प्रस)-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गैरकानुनी माध्यमबाट वैदेशिक रोजगारीमा गएर जोखिममा परेका श्रमिकलाई उद्धार गर्नका लागि छुट्टै कोष स्थापना गर्ने तयारी गरेको छ । श्रममन्त्री डोलप्रसाद अर्यालले शनिबार सुर्खेतमा आयोजित पत्रकारसँगको भेटघाट कार्यक्रममा उक्त तयारीबारे जानकारी दिएका हुन् ।

हालको व्यवस्थाअनुसार मन्त्रालयले श्रम स्वीकृति लिएर जाने श्रमिकलाई मात्रै उद्धार गर्दै आएको छ । विदेशमा जाने श्रमिकले कल्याणकारी कोषमा जम्मा गरेको कोषमार्फत जोखिममा परेका यस्ता श्रमिकको उद्धार गरिँदै आएको छ । तर, गैरकानुनी रूपमा गएका श्रमिकलाई उद्धार गर्ने कोष भने सरकारसँग छैन । 'गैरकानुनीमा रूपमा गएका श्रमिक पनि नेपाली नागरिक नै हुन् । उनीहरूको उद्धार गर्नु सरकारको दायित्व हो । त्यसैले छुट्टै कोषको व्यवस्था गर्नका लागि आगामी बजेटमा व्यवस्था गर्न अर्थ मन्त्रालयसँग प्रस्ताव गरेका छौं,' उनले भने ।

त्यस्तै, वैदेशिक रोजगारीको नाममा ठगिएमा तुरुन्तै सम्बन्धित निकायमा उजुरी गर्न श्रममन्त्री अर्यालले आग्रह गरेका छन् । 'वैदेशिक रोजगारीको नाममा ठगिएमा वैदेशिक रोजगार विभागमा तुरुन्तै उजुरी दिनुहोस्, त्यो सम्भव भएन भने पनि हाम्रो सचिवालयमा ठगी गरेको संस्था वा व्यक्तिको विवरण टिपाउनुहोस्,' उनले भने, 'ठगी गर्ने व्यक्ति वा संस्थालाई निमर्म भएर कारबाही गरिने छ ।' मन्त्री अर्यालले मन्त्रालयले अगामी दिनमा श्रमिकलाई अनिवार्य रूपमा सीप तालिमको व्यवस्था गरिने, रोजगार बैंक स्थापना गरिने, भारतमा जाने श्रमिकको तथ्यांक संकलन गरिने जानकारी दिए ।




# 'संसद्लाई सधैं बन्धक बनाएर राख्न हुँदैन'




■ प्रभाव संवाददाता

**काठमाडौं-** सभामुख देवराज घिमिरेले संसद्लाई सौहार्द्रपूर्ण वातावरणमा चलाउनुपर्ने बताएका छन् । पछिल्लो समय संसद्मा देखिएको गतिरोधतर्फ संकेत गर्दै उनले जनताको अभिमत राख्ने थलोलाई बन्धक बनाएर राख्न नहुने बताए ।

'संसद् बन्धक बनिरहेको छ । जनताको कुरा उठेको छैन । अब सधैं यस्तै रहन हुँदैन,' शनिबार नेपाल पत्रकार महासंघ प्रतिष्ठान प्रदेशको दोस्रो अधिवेशन तथा चौथो साधारणसभालाई सम्बोधन गर्दै सभामुख घिमिरेले भने । उनले संसद् सौहार्द्रपूर्ण वातावरणमा चलेन भने अध्यादेशमार्फत अघि बढ्ने परिस्थिति आउनसक्नेसमेत बताए ।

संसद्को गतिरोध समाधानका लागि कसरी निष्कर्षमा पुग्न सकिन्छ भनेर धेरै कोसिस हुँदाहुँदै पनि यदि सौहार्द्रपूर्ण ढंगबाट संसद्का गतिविधि अघि बढ्न सकेनन् भने संसद्का गतिविधि रोकिन पुग्ने उनको भनाइ छ । 'संसद्का गतिविधि रोकिए भने हामीले गर्नैपर्ने थुप्रै कामहरू, निकट आइरहेको बजेट, त्यो पारित गर्ने कुरा, बजेटसँग सम्बन्धित वा यस्तै थुप्रै कुराहरू, अझ अहिले त सरकारकै बहुमत छ कि छैन भन्ने प्रश्न उठिरहेका बेलामा सरकारले ७ गतेलाई बहुमत देखाउँछु भनेर तिथिमिति तोकेको बेला छ,' सभामुख घिमिरेले भने, 'यस्तो बेलामा संसद् अवरोध भयो, चलेन भने के परिणाम आउँछ ? निश्चय पनि त्यतिबेला संसद्लाई अन्त्य गरेर अध्यादेशको माध्यमबाट त्यस्ता कतिपय बाटाहरू खोल्नुपर्ने परिस्थिति आउँछ ।'

अहिलेकै अवस्थामा अध्यादेशको बाटोमा गए प्रजातन्त्रलाई कसरी उपयोग गर्‍यौं भन्ने प्रश्न उठ्ने उनको भनाइ छ । त्यसैले संसद् अवरोध हटाउन जरुरी रहेकोमा उनले जोड दिए ।

**महासंघको निर्वाचन तोकिएकै मितिमा : अध्यक्ष पोखरेल**

सोही कार्यक्रममा बोल्दै महासंघका अध्यक्ष विपुल पोखरेलले महासंघको निर्वाचन तोकिएको मितिमा हुने बताए । उनले महासंघको निर्वाचन यही जेठ २६ गते नै हुने बताउँदै निर्वाचन सर्छ भन्ने आशंका नराख्न आग्रह गरे । उनले निर्वाचन समिति गठन गरी समितिले कार्य प्रारम्भ गरिसकेको जानकारी दिए ।

महासंघको गत वैशाख २१ र २२ गते काठमाडौंमा सम्पन्न २७औं राष्ट्रिय महाधिवेशनले केन्द्र, प्रदेश र जिल्लामा नयाँ नेतृत्वका लागि मिति निर्धारण गरेको थियो । सदस्यता शुद्धीकरणले अन्तिम रूप नलिइसकेकाले समयमा निर्वाचन हुन नसक्ने आशंका गरिएको थियो ।

**१० बुँदे घोषणापत्र जारी**

महासंघ प्रतिष्ठान प्रदेशको अधिवेशन सांगठनिक र आर्थिक प्रतिवेदन पारित गर्नुका साथै १० बुँदे घोषणापत्र जारी गर्दै सकिएको छ । घोषणापत्रमा पत्रकारविनाको सञ्चार गृह र सञ्चार गृहविनाको पत्रकारको कल्पना गर्न नसकिने उल्लेख गर्दै आर्थिक संकुचनका कारण संकटग्रस्त बन्दै गएका सञ्चार प्रतिष्ठानलाई केही हदसम्म भए पनि जीवनदान हुने सरकारी विज्ञापनबापतको शुल्कमा रहेको बिचौलियापना अन्त्य गर्नेगरी काम गर्न र श्रमजीवी पत्रकारहरूलाई निर्धक्क र भयरहित वातावरणमा काम गर्ने अवस्थाको निर्माण गर्न सम्बन्धित सबै पक्षलाई आग्रह गरेको छ ।

'सूचना प्रविधिको विकासले ल्याएको चुनौतीलाई मध्यनजर गर्दै लेख्न जान्ने पत्रकारलाई बोल्न र खिच्न, खिच्न जान्नेलाई लेख्न र बोल्न अनि बोल्नमात्र जान्नेलाई लेख्न र खिच्न पनि जान्ने बनाउनेगरी अभियान सञ्चालन गर्न यो अधिवेशन महासंघ केन्द्र र सम्बद्ध सबै पक्षलाई हार्दिक अपिल गर्दछ,' घोषणापत्रमा उल्लेख गरिएको छ ।

श्रमको मुद्दालाई परम्परागत ढंगले मात्र समाधान गर्न नसकिने उल्लेख गर्दै अब श्रमको समस्या समाधानका लागि दीर्घकालीन (कानुन निर्माण) रूपमै समाधान खोज्नुपर्ने प्रतिष्ठान प्रदेशको माग छ । 'श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नगर्ने सञ्चारमाध्यमलाई राज्यले दिने सेवासुविधा मात्र होइन, सरकारी विज्ञापन प्रकाशन/पसारणका लागि उपलब्ध नगराउनेदेखि कालोसूचीमा नै राख्ने गरी कानुन निर्माणका लागि आवश्यक पहल गर्न यो अधिवेशन केन्द्रीय समितिलाई आग्रह गर्दछ,' घोषणापत्रमा भनिएको छ ।

# सहकारी विभागलाई नियमित जानकारी दिंदै कामपाका सहकारी

**काठमाडौं-** काठमाडौं महानगरपालिका (कामपा)मा सञ्चालित सहकारीहरूले पछिल्लो समय सूचना अधिकारीको व्यवस्था गरी सहकारी विभागमा जानकारी गराउन थालेका छन् ।

कामपाको सञ्चार तथा सूचना ऐनबमोजिम आफ्नो क्षेत्राधिकारभित्र रहेका सहकारीमा सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने कानुनी प्रावधानबमोजिम कामपाले गत वैशाखभित्र अधिकारी तोकेर विभागमा जानकारी गराउन दिएको निर्देशनलाई आत्मसात् गर्दै सहकारीले सूचना अधिकारी राख्न थालेका हुन् । कामपाको सहकारी विभागका प्रमुख बलराम त्रिपाठीका अनुसार सहकारीहरूले सूचना अधिकारी तोकेर जानकारी गराउन थालेका छन् । अहिले करिब १५ सहकारीले सूचना अधिकारी तोकेर जानकारी गराइसकेका उनले जानकारी दिए ।

'अन्यले पनि राख्नेबारे जानकारी गराइसकेका छन्,' प्रमुख त्रिपाठीले भने, 'यसरी सूचना अधिकारी राख्दा सहकारीकै कर्मचारी वा सहकारीको सदस्य हुनुपर्ने कानुनी व्यवस्था छ ।' उनका अनुसार हाल कामपामा एक हजार ९०० सहकारी सञ्चालनमा छन् ।

एक हजार ६२८ बचत तथा ऋण, २६४ बहुउद्देश्यीय, तीन श्रमिक, १५ कृषि सहकारी, १३ उपभोक्ता सहकारी, तीन सीपमूलक सहकारी, दुई वटा शिक्षा सहकारी छन् । सञ्चार, पर्यटन, चिया र साझा क्षेत्रका एक/एक वटा सहकारी रहेका छन् ।

संवैधानिक व्यवस्थाअनुसार २०७५ साउन १ गतेदेखि देशका सबै डिभिजन सहकारी कार्यालय खारेजी भई सम्बन्धित स्थानीय तहले सहकारी नियमन र अनुगमन गर्नुपर्ने व्यवस्था छ । सहकारी स्थानीय तहलाई हस्तान्तरण हुनुअघि २०७४ सालमा नै कामपाले सहकारी ऐन जारी गरिसकेको थियो । कामपामा सोही ऐनअनुरूप सहकारी सञ्चालन भइरहेका छन् ।

साझा सोच र आवश्यकता भएका व्यक्तिहरूले सामूहिक आर्थिक, सामाजिक, सांस्कृतिक विकास र गतिशीलताका लागि सञ्चालित आर्थिक कारोबार गर्ने उद्देश्यले स्थापित संस्था सहकारी हो । पछिल्लो समय सहकारीहरू ताला लगाएर बेपत्ता भएपछि घरधनीले तालाबन्दी खोलिदिनुपर्‍यो भन्ने निवेदन आउने गरेको कामपाको भनाइ छ । बचत फिर्ता भएन भनेर बचतकर्ताले रकम गराइ पाउन भनेर निवेदन दिने गरेका कामपाको सहकारी विभागका प्रमुख त्रिपाठीले बताए । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### विधि तोड्दै...

उनले गृहमन्त्री भएदेखि नै प्रहरीमा विधि भत्काउन थालेका हुन् । उनले पहिलोपटक एसपी सरुवा गर्दा तराईका जिल्लाहरू सर्लाही, महोत्तरी, बाँकी, बारा र सिरहाबाट डेढ महिनामै एसपीहरूलाई सरुवा गरे । नेपाल प्रहरीमा इञ्चार्ज पठाएको सामान्यतः एक वर्षमा मात्रै सरुवा गरिन्छ । यसबेला भने प्रहरी महानिरीक्षक कुँवर विदेश भ्रमणमा थिए । कुँवर नभएका बेला सरुवा गरेका लामिछानेले प्रहरी बढुवामा पनि मनोमानी गरेका हुन् । यसअघि डिएसपी बढुवाको क्रममा उनले पहिलो नम्बरका डिएसपी प्रदीप क्षेत्रीलाई छुटाइदिए ।

एआइजी टेकबहादुर तामाङ र सुदिप गिरीलाई लामो समय जिम्मेवारी नै दिएनन् । यी तथ्यहरूले गृहमन्त्री लामिछाने प्रहरी सरुवा र बढुवामा विधि तोड्दै अघि बढेको प्रस्ट हुन्छ । भाषण भने प्रहरी विधिमा चल्छ भन्न छुटाउँदैनन् ।

नेपाल प्रहरी पूर्वअतिरिक्त महानिरीक्षक (एआइजी) नवराज अर्याल गृहमन्त्री हाबी हुँदा प्रहरी संगठन निकम्मा हुने बताउँछन् । उनले गृहमन्त्रीको भूमिका चेन अफ कमान्डमा चल्ने प्रहरी संगठनका लागि घातक भएको बताए ।

■■■

### छानबिन समिति...

सभामुख घिमिरेले आफू निर्वाध र सौहार्द्रपूर्ण ढंगबाट संसद् सञ्चालन होस् भन्नेमा आफू रहेको बताएका थिए । 'जति बल गरेर संसद् चलाए पनि एक क्षणमा त सहमति गर्नैपर्छ । पछि होइन, अहिल्यै सहमति गर्नुहोस् । छिटो सहमतिमा पुग्नुहोस्,' सभामुख घिमिरेको भनाइ थियो ।

सरकारमा रहेका दलहरूबीच भने यदि व्यक्ति तोकेरै छानबिन समिति गठन गर्नुपर्ने अडानबाट कांग्रेस पछि नहटे अध्यादेशबाट भए पनि नीति तथा कार्यक्रम ल्याउनेबारे अनौपचारिक संवाद भइरहेको थियो । यसबारे कांग्रेसले आशंका प्रकट गरेको थियो । तर, शनिबार प्रधानमन्त्री दाहालले बिहानैदेखि सदन खुलाउने र कांग्रेसको माग सम्बोधन गर्नेबारे थालेको कदमले सार्थकता लियो । जसकारण अब संसद् बैठक चल्ने भएको छ ।

कांग्रेसले यसअघि गृहमन्त्री लामिछाने मुछिएको सहकारी प्रकरणको छानबिन गर्न संसदीय समिति गठन गर्न माग गर्दै राष्ट्रिय सभा र प्रतिनिधिसभाको बैठकमा निरन्तर अवरोध गर्दै आएको थियो । २८ वैशाखमा संघीय संसद्को बजेट अधिवेशन सुरु भएदेखि नै कांग्रेसले सदन चल्न दिएको छैन । कांग्रेस अवरोधका कारण राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको नीति कार्यक्रममाथि संसद्मा छलफल नै हुन सकेको छैन । दुवै सदनबाट राष्ट्रपति पौडेललाई धन्यवाद ज्ञापन गर्नसमेत बाँकी छ ।

लगानी सम्मेलनलाई लक्षित गरेर जारी गरिएका अध्यादेशहरू राष्ट्रपतिबाट प्रमाणीकरण भएको पत्र सदनमा प्रस्तुत नै भएको छैन । अर्कोतिर, प्रधानमन्त्री दाहालले भोलि ७ गते संसद्मा विश्वासको मत लिने तयारी गरेका छन् । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएपछि दाहालले चौथोपटक विश्वासको मत लिन लागेका हुन् । सदन चल्ने अवस्था नभए विश्वासको मत लिन ढिला हुने थियो । अर्कोतिर सदन अवरोध भइरहे यही ९ जेठमा नीति तथा कार्यक्रम पारित गर्न र त्यसकै आधारमा यही १५ जेठमा आगामी आर्थिक वर्षको बजेट ल्याउन सरकारलाई बाधा पर्ने अवस्था थियो ।

जसले गर्दा पनि सरकारमा रहेका दलहरू प्रमुख प्रतिपक्षी कांग्रेससहितका दलहरूको मागअनुसार सहकारी अपलचनमा छानबिन समिति गठन गर्न बाध्य भएका हुन् ।

■■■

### कांग्रेसको निशानामा..

पोखराको सूर्यदर्शन सहकारीका पीडितहरूले पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दीपेश र गृहमन्त्री लामिछानेसहित १८ जनाविरुद्ध प्रहरीमा पूरक जाहेरी दिइसकेका छन् । चितवनको सहारा, वीरगञ्जको सानो पाइला, नेपालगञ्जको समानता र काठमाडौंको स्वर्णलक्ष्मी सहकारीका करिब ४९ हजार बचतकर्ताको कम्तीमा ५२ करोड रवि यसअघि प्रबन्ध निर्देशक रहेको गोर्खा मिडिया नेटवर्कमा सारिएको प्रमाणहरू सार्वजनिक भएका छन् ।

यसरी गृहमन्त्री लामिछाने देशका विभिन्न सहकारीको बचत अपचलनमा जोडिएपछि कांग्रेसले संसदीय छानबिन समिति गठनको माग गरेको हो । उक्त प्रकरणमा मुछिएका लामिछाने नै गृहमन्त्री भएपछि प्रहरी, प्रहरीकै केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लगायत प्रभावित हुने भन्दै छानबिन समितिको आवश्यकता भएको कांग्रेसको तर्क थियो । सोहीअनुसार शनिबार भने सरकारमा रहेका दलहरू र विपक्षी दल कांग्रेस छानबिन समिति गठनमा सकारात्मक भएका हुन् । गृहमन्त्री लामिछानेका पूर्वव्यावसायिक साझेदार जिबी राई भने फरार छन् ।

■■■

### विदेश जानेलाई...

'रोजगारीमा जाने नेपालीहरू पनि ठगिनु भएन र राज्यको तर्फबाट पनि व्यवसायीलाई दुःख दिने कार्य गर्नु भएन,' रसाइलीले भने, 'श्रम मन्त्रालय, वैदेशिक रोजगार विभागलगायतका सरकारी निकायले दुःख दिए, अनावश्यक रूपमा प्रहरीले छापा मार्ने, प्रहरीलाई पैसा र रक्सी दिनुपर्ने अवस्था आए त्यसका विरुद्ध पार्टी र विभागले कडा कदम चाल्नेछ ।'

यसैगरी नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगारीमा जानेहरूबाट आएको रेमिटयान्सले मुलुकको अर्थतन्त्र धानेको बताए । मुलुकको जीडीपीमा ३० प्रतिशत योगदान पुर्‍याउने गरी रेमिटयान्स ल्याउन भूमिका खेल्ने वैदेशिक रोजगारको क्षेत्रलाई सरकारले न्यायोचित स्थान दिन नसकेको बताए । 'वैदेशिक रोजगारलाई सरकारले हेर्ने दृष्टिकोण र नीति प्रस्ट छैन,' उनले भने, 'वैदेशिक रोजगारमा जाने नेपालीहरू ठगिएका विषय बारम्बार उठ्ने गर्छ, तर विदेश जाने कामदार ठगिनु हुँदैन भन्नेमा व्यवसायी सचेत छन् र पनि यस्ता कुरामा प्रस्ट छ ।' वैदेशिक रोजगारका क्षेत्रमा नीतिगत र सरकारीपक्षबाट सधैं आक्रमण भइरहेको उनको दाबी छ । संघले कामदार र व्यवसायी दुवैको हितमा हुनेगरी काम गरिरहेको पनि भण्डारीले बताए ।

त्यसैगरी एसोसिएसनका अध्यक्ष कुमुद खनालले अहिले विभिन्न माध्यमबाट अवैधरूपमा विदेश जाने र समस्यामा पर्ने गरेको कारण त्यसको मार व्यवसायीले खेप्नुपरेको बताए । विभिन्न तरिकाले मानव तस्करी भइरहेको भन्दै खनालले अन्तर्राष्ट्रिय रूपमा नेपालको बद्नाम भइरहेको बताए । 'जबसम्म सरकारले अवैध रूपमा जाने बाटो बन्द गर्ने प्रयास गर्दैन, तबसम्म व्यवसायीले धरौटी राखेर, लाइसेन्स लिएर इमान्दारिताका साथ काम गरे पनि अपजस खेपिरहनुपर्ने अवस्था रहन्छ,' उनले भने । सरकारले अहिलेकै अवस्था र नीतिगत व्यवस्था कायम राख्ने हो भने व्यवसायीहरू छिट्टै पलायन हुने अवस्थामा पुग्ने खनालको भनाइ छ ।


**सिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम विक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०१/०६ गते**

यस शनि सा.व.उ.स.तीनपाटन गा.पा.३, सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना २०८०/०८१ अनुसार डिभिजन वन कार्यालय सिन्धुलीको वन पैदावर सङकलन सहमति वमोजिम उत्पादित काठ दाउरामध्ये समूहको आन्तरिक खपत भई बाँकी रहेको गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय च.नं.१९७३ मिति २०८१/०२/०४ को बाहिय लिलाम सहमति वमोजिम समूहको घाटगद्धीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान ७९ को १७०४.५५ क्यूफिट काठलाई हाल जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पूर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सूचना टाँस गरिएको छ ।

**शनि सा.व.उ.स.**
**तीनपाटन गा.पा.-३, सिन्धुली**

**सिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम विक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०१/०६**

यस भूमेश्वरी सा.व.उ.स.कमलामाई नगरपालिका-११ सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना २०८०/०८१ अनुसार डिभिजन वन कार्यालय सिन्धुलीको वन पैदावर सङ्कलन सहमति वमोजिम उत्पादित काठ दाउरा मध्ये समूहको आन्तरिक खपत भई बाँकी रहेको गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय च.नं. १९७४ मिति २०८१/०२/०४ को बाहिय लिलाम सहमति वमोजिम समूहको घाटगद्धीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान ६२ को ९९८.८८ क्यूफिट काठलाई हाल जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पूर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सूचना टाँस गरिएको छ ।

**भूमेश्वरी सा.व.उ.स.**
**क.न.पा.-११, सिन्धुली**

**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**वीरेन्द्रनगर, सुर्खेत**

**स्वास्थ्य सम्बन्धि जनहितमा जारी सन्देश**

- मद्यपान, धुम्रपान र सुर्तिजन्य पदार्थ र अधिक नुन सेवनले उच्च रक्तचाप, धासप्रश्वास सम्बन्धी रोग, मुख तथा फोक्सोको क्यान्सर लगायतका स्वास्थ्य समस्याहरु हुनाउने भएकाले यसको सेवन नगरौ
- कस्तीमा वर्षमा १ पटक नियमित स्वास्थ्य परीक्षण गरौ जसको कारणले उच्च रक्तचाप, मधुमेह, मृगौलाको समस्या, क्यान्सर साथै अन्य नसर्ने रोगहरुको समयमा नै पहिचान भई रोगको जटिलताबाट समयमा नै बचाउन सकिन्छ । प्रदेश सरकारले स्थानीय तहसँगको सहकार्यमा संचालन गरेको नागरिक परिक्षण कार्यक्रममा सहभागी हौ ।
- ट्राफिक नियमको पालना गरौ, जथाभावी सडक पार नगरौ, नेब्रा कसिङबाट मात्र सड्क पार गरौं साथै तीव्र गतिमा सवारी साधन नचलाऔ ।
- मानसिक तनावरहित जीवन जिउने अभ्यास गरौ र कुनै मानसिक समस्या आएमा तुरुन्त मनोसामाजिककर्तासँग परामर्श लिने गरौं ।
- तत्काल एम्बुलेन्स सेवा लिन टोलफ्रि नं.१०२ तथा आत्महत्याको सोच आएमा टोलफ्रि नं.११६६ नम्बरमा परामर्श सेवा लिने गरौ, अस्पताल भ्याक्सिन लगायत स्वास्थ्य सम्बन्धी विभिन्न सूचनाहरुका लागि टोलफ्रि नम्बर ११५ मा सम्पर्क गरौं ।
- बाल हेल्पलाइन १०९८ मा आकस्मिक उद्धार, मनोविमर्श, अल्पकालीन आश्रय तथा अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, पारिवारिक परामर्श, पारिवारिक सहयोग, कानूनी परामर्श, पारिवारिक पुनर्मिलन ।
- मौसम अनुसारको फलफूल, हरियो सागसब्जी खाने गरौ, म्याद गुजेरेका लेभल नभएका खाद्य तथा पेय पदार्थको सेवन नगरौं ।
- स्वास्थ्य सम्बन्धी सेवा लिदा सरकारी वा इजाजत प्राप्त निजी स्वास्थ्य संस्थाबाट मात्र सेवा लिने गरौं ।

**Subhakalika Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Sukatiya, Kalikot**
**Karnali Province Nepal**

**Invitation for Sealed bid**

**First date of publication: 2081/02/06**

1. Subhakalika Rural Municipality Office, Sukatiya Kalikot invites electronic sealed bids from registered Suppliers for the Procurement, Supply, Delivery and Management of Sanitary Pad Packed for Community School Girl (per packet 8pcs) as per following.

| S.N | Contract Identification Number/Goods Description | Bid Security Amount (NRs) | Estimated Amount with VAT (NRs) | Bid Document Fees (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1. | SRM/KKT/GOODS/SQ/11/2080-2081 Procurement, Supply, Delivery and Management of Sanitary Pad Packed for Community School Girl (per packet 8pcs) | 36000 | 1444140 | 1000 | 2081/02/21, 12:00 AM | 2081/02/21, 13:00 PM |

2. Bidder chooses to submit their bid electronically may purchase the bidding documents download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of Bank :- Agricultural Development Bank limited** **Name of Office:- Subhakalika Rural Municipality**
**Office Code no :- 801066504** **Rajaswo Account no :-0725901535669050.**

3. If bidder wishes to submit the Bid Security in the form of cash bidder has to deposit cash in Deposit Account no : **0725901535669042 Subhakalika Rural Municipality Office, Sukatiya, Kalikot** and Name of Bank :- **Agricultural Development Bank limited** and submit bank deposit voucher along with the bid.

**Asst. Chief Administrative Officer**

# दश महिनामा पाँच हजारभन्दा बढी डढेलो



**काठमाडौं (प्रस)-** करिब १० महिनाका अवधिमा पाँच हजार १३० वटा डढेलोसम्बन्धी घटना भएका छन्। वन तथा भू-संरक्षण विभागको तथ्यांकानुसार गत वैशाख महिनामा मात्र तीन हजार २७० वटा डढेलोका घटना भएका छन्।

चालु आर्थिक वर्ष २०८०/८१ को साउनयताको तथ्यांक विश्लेषण गर्दा सबैभन्दा बढी यस वर्ष वैशाखमा डढेलोको घटना भएका छन्। विभागको तथ्यांकानुसार चालु आवका साउनमा डढेलोको घटना शून्य छ। वर्षात्को समयमा पानी पर्ने र वनजंगलको पातपतिंगर ओसिलो हुँदा डढेलो कम लाग्ने विभागले जनाएको छ।

यसैगरी विभागको तथ्यांकानुसार भदौमा एक, असोजमा तीन, कात्तिकमा पाँच, मंसिरमा ३५, पुसमा १०३ आगलागीका घटना भएका थिए। यसैगरी माघमा जम्मा ८३ वटा आगलागीका घटना भए भने फागुनमा डढेलोको संख्या बढेर २०६ पुग्यो।

चैत महिना अझै बढी सुक्खा हुँदै गएपछि डढेलाको घटना पनि बढेर एक हजार ४२४ पुगेको विभागको तथ्यांकमा उल्लेख छ। यसैगरी वैशाखमा अझै डढेलोको घटना बढेर तीन हजार २७० पुग्यो। विभागका अनुसार चालु आवको वैशाख मसान्तसम्म पाँच हजार १३० वटा आगलागीका घटना भएका छन्। विभागको तथ्यांकानुसार यही जेठयता भने ३० डढेलोको घटना भएकामा जनाइएको छ। शुक्रबार एकैदिन सात डढेलोको घटना भएका छन्।

विभागका अधिकृत गोविन्द श्रेष्ठले स्रोतसाधन अभाव, प्रशस्त पूर्वतयारी र तालिमको व्यवस्था नहुनु, आवश्यकतानुसार बजेट नहुनु, नेपालको भौलिक विकटताका कारण डढेलो नियन्त्रणमा समस्या भएको बताएका छन्। 'नेपालको भिरालो स्थान र हावाको गति बढ्दा पनि डढेलो नियन्त्रणमा चुनौती भएको छ,' उनले भने, 'डढेलो नियन्त्रणका लागि अन्तरसरकारी निकाय तथा अन्य सरोकारवाला निकायबीचको समन्वय आवश्यक रहेको छ।'

उनका अनुसार डढेलोका कारण बर्सेनि वनजन्य स्रोतको विनास हुनु, वन्यजन्तुको नास हुनु, बासस्थानमा असर पुग्नुलगायतका समस्या उत्पन्न हुने गरेको छ। डढेलोविद् सुन्दर शर्माका अनुसार नेपालमा साधरणतया वर्षमा दुई हजार ५०० हाराहारीमा डढेलाको घटना हुन्छन्। 'असी प्रतिशत डढेलाको घटना फागुनको मध्यदेखि जेठको मध्यसम्म चार महिनामा हुने गर्छन्। चैत र वैशाखमा मात्र ६० प्रतिशत डडेलोका घटना हुने गर्छन्। यसकारण अहिले हामी उच्च जोखिमको समयमा छौं,' उनले भने, 'मध्य फागुनदेखि जेठको मध्यसम्म डढेलाका घटना हुने भएकाले यो समयमा एकदमै सतर्क भएर बस्नुपर्ने अवस्था छ। वैशाखको दोस्रो साता एकदमै डढेलो लाग्ने गर्छ। यो समयमा डढेलाको घटना बढी हुने गरेको पाइन्छ।'


## गोलिया काठ/दाउरा लिलाम विक्री सम्बन्धी सूचना

**(प्रकाशित मितिः२०८१/०२/०६ गते)**

यस श्री जाल्पादेवी विजुवाथान सामुदायिक वन उपभोक्ता समूह तीनपाटन-१०, सिन्धुलीबाट आ.व.२०८०/०८१ मा उत्पादन भै समूह क्षेत्रमा घाटगद्धी गरी राखिएको विभिन्न लटको साल तथा अन्य जातको गोलिया थान २०३ को कुल ३३६३.०८ क्युफिट गोलिया काठ र दाउरा चट्टा २.५ व्यापारिक प्रयोजनका लागि विक्री वितरण गर्नुपर्ने भएकोले काठ दाउरा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उधोगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा मध्यान्ह १२:०० बजेसम्म सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जाल्पादेवी विजुवाथान सामुदायिक वन उपभोक्ता समूह**
**तीनपाटन-१०, सिन्धुली।**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८१/०२/०६

यस कम्पनीको मिति २०८०/११/०३ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **मिराकल एस. एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. १८७९८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१२/०४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बेथेस्डा इ.डि.यू. कन्सल्टेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मितिः २०८१/०२/०६**

यस कम्पनीको मिति २०८१/०१/२७ गतेमा सम्पन्न कम्पनीको बिषेश साधारण सभाको निर्णय अनुसार साविकको कम्पनी **हारती शिक्षा मन्दिर प्रा. लि.** (प्रा.लि दर्ता नं. २००८४) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर लगायतको दायित्व आदि परिवर्तित कम्पनीले व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१।०२।०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **'द गुरुकुलम स्कुल प्रा.लि.'** कायम गरिएको जानकारी गराइन्छ।

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CHEF AL-SHAMI RESTAURANT COMPANY**

पूर्व स्वीकृति मिति २०८१/०२/०५ | LT. No. 304985 | चलानी नं. ६०२१९७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN TOOLS CLEANER | 14 | 0 | 100 | ४३४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 10 | 0 | 140 | ६०८८५ | | | | | | | |

**कम्पनी : CONFAB INTERNATIONAL GENERAL TRADING CO.WLL**

पूर्व स्वीकृति मिति २०७९/१२/१३ | पूनः विज्ञापन स्वीकृति मिति २०८१/०२/०५ | LT. No. 283515 | चलानी नं. ६०२१९७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/WORKER (INDOOR) | 35 | 0 | 85 | ३६९५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १३ गते (26th May 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 1370/74/75

**Namo Buddha Recruitment Pvt. Ltd.**

Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com

## पुनर्वास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/०६)*

यस कार्यालयबाट दोस्रो मिति २०८१/०१/१४ गते एए:इ मा प्रथम पटक (e–Bid) मार्फत बोलपत्र आव्ह्वान सम्बन्धि सूचना अनुसार रितपुर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :-**

| ठेक्का नं. | बोलपत्रदाताको नाम | आयोजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर र पि.एस.) बाहेक |
|---|---|---|---|
| PUN/MUN/080/81-17 | Mahadev Samaiji (M.S) Construction & Suppliers | Construction of Mahakali Thaan Incomplete Road and Hariyaali tole Road Gravel and Earth Filling Punarbas -09, Kanchanpur. | २६,५१,३४२.३७/- |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## धनगढी उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्रको आशय पत्र सम्बन्धी सूचना

**(प्रकाशित मिति २०८१/०२/०६ गते)**

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ.व.२०८०/०८१ अन्तर्गत तपसिल वमोजिमको कार्यको लागि विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ वमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| ठेक्का नं. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 85/SMC/2080/081 | Construction of Asphalt Road from Gharelu Chowk to CG Chowk Road Section Ward No.4 DSMC | श्री युनिटी कन्स्ट्रक्सन एण्ड ड्रिलिंग कम्पनी प्रा.लि. धनगढी, कैलाली | रु.६४,०१,९३७/०० (मु.अ.क.बाहेक) |
| | धनगढी उप-महानगरपालिकाभित्र बहाल बिटौरी शुल्क सङ्कलन गर्ने कार्य ठेक्कामा दिने कार्य | श्री पारस कन्स्ट्रक्सन धनगढी, कैलाली | रु.४०,६६,६६६/०० (मु.अ.क.बाहेक) |

**प्रमुख प्रशासकीय अधिकृत**

## Shey-PhoksundoRural Municipality
### Office of Rural Municipal Executive
Saldang, Dolpa
Karnali Province, Nepal

## INVITATION FOR ELECTRONICS BIDS

**First Date of Publication: 19-May-2024 AD (2081-02-06 BS)**

**1.** Shey-Phoksundo Rural municipality invites electronic bids from the eligible bidders for construction of the following works under National Competitive Bidding (NCB) - Single Stage- Two Envelope Bidding procedure. For further information visit e-GP portal of PPMO, www.bolpatra.gov.np/egp

| S.N. | Contract ID | Description of Works | Annual Turnover (NRs.) | Similar size and nature of works | Price of BID ocument (NRs.) | BID Security Amount (NRs.) | BID Validity/BID security Validity period | Bid Submission Deadline | Bid Opening Deadline and Time |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SPRM/NCB/DOLPA/WORKS/080-081-14 | Contruction of Pugmo Health Post Building (Shephoksundo Rural Municipality-9, Dolpa) | 15375000 | 8200000 | 5000 | 615000 | 90 days/120 days respectively | 18/06/2024 AD (2081-03-04 BS). 12:00 PM | 18/06/2024 AD (2081-03-04 BS) 14:00 PM |

**2. Bid Document Fee:-** GA-1-1 SE-PHOKSUNDO GA.PA. Antarik Rajashwo khata - 1650133537700071 (Prabhu Bank Ltd)

**Bid Security:-** PHOKSUNDO GA.PA. STHANIYA TATHA DHARAUTI KHATA- GA-1-3- 1650133537700041 (Prabhu Bank Ltd)

**3.** Electronic Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00PM on 18-06-2024 AD (2081-03-04). Bids received after this deadline will be rejected.

**4.** If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Others will be as per Act PPA, 2063 and Regulations PPR, 2064**

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## बढ्दो गर्मीको जोखिमबाट बचौं

देशभर तापक्रम निरन्तर उकालो लागिरहेको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार तराई क्षेत्रमा ४० डिग्रीभन्दा माथि तापक्रम उक्लिसकेको छ । तापक्रम बढेसँगै तराई क्षेत्रको जनजीवन प्रभावित हुन पुगेको छ । गर्मीसँगै विभिन्न समस्या निम्तिने हुँदा यसबाट जोगिन सतर्कता अपनाउन जरुरी छ । महाशाखाकाका अनुसार वर्षा गराउने प्रणाली तत्काल नभएको हुँदा तापक्रम निरन्तर बढिरहेको हो । स्थानीय र पश्चिमी वायुको प्रभावले तापक्रम बढेको बताइएको छ । अझै तापक्रम बढ्ने महाशाखाको पूर्वानुमान छ ।

यो वर्ष तापक्रम र वर्षा दुवै औसतभन्दा बढी हुने महाशाखाले जनाएको छ । तर, तत्काल वर्षा हुने देखिँदैन । जुनको १३ तारिख अर्थात् जेठ ३१ गतेदेखि नेपालमा मनसुन भित्रिने अनुमान गरिएको छ । जसकारण अझै करिब एक महिना गर्मीले थप प्रभावित पार्ने देखिन्छ । अत्यधिक गर्मी हुने र तातो हावा चल्ने जोखिम रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले सावधानी अपनाउन अनुरोध गरेको छ । आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार तराईका भूभागमा अत्यधिक गर्मीको सम्भावना रहेकाले आवश्यक तयारी गर्न तथा आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

यसरी गर्मी बढिरहँदा तातो हावा (लू)ले स्वास्थ्यमा पुऱ्याउने जोखिमबाट बच्न विभिन्न उपाय अपनाउन जरुरी छ । तातो लहरको असरबाट बच्न गर्मीको समयमा घरभित्र नै रहने, घरबाहिर नजाने, हलुका र सुतीका कपडा लगाउने, घरबाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित र पटक–पटक पानी तथा झोल पदार्थ पिउने गर्नुपर्दछ । तातो हावा तथा तातो लहर (लू)बाट थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेसीहरू दुख्ने, वान्ता हुनसक्ने भएकाले लूबाट बच्न स्वास्थ्यविद्हरूको सुझाव छ । सर्वसाधारणलाई लू तथा गर्मीका अन्य जोखिमबाट जोगाउन स्थानीय तहहरूको सक्रियता आवश्यक देखिन्छ । गर्मीबाट बच्ने उपायहरूबारे प्रचारप्रसार एवं जनचेतना जगाउन स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण हुनसक्छ । त्यसैले यसमा स्थानीय तहहरूले प्रभावकारी कदम चाल्नुपर्छ ।

बढ्दो गर्मीको मुख्य कारण जलवायु परिवर्तन हो । नेपाल जलवायु परिवर्तनबाट धेरै प्रभावित हुने मुलुकमध्येमा पर्छ । पछिल्ला वर्षहरूमा हामीले जलवायु परिवर्तनको प्रभाव अनुभव गर्दै आएका छौं । यसले दीर्घकालमा जोखिम बढाउँदै जाने प्रस्ट छ । जलवायु परिवर्तनमा नेपालको योगदान नरहे पनि यसको प्रभाव भोग्नुपरिरहेको छ । विकसित राष्ट्रहरूका कारण भोगिरहेको यो समस्याको क्षतिपूर्तिका लागि नेपालले माग गरिरहेको छ । तर, नेपालको आवाज दरिलो भइरहेको छैन । यसलाई अझ प्रभावकारी रूपमा विश्व मञ्चमा उठाउन जरुरी छ ।

## मननयोग्य

### विदुर नीति

राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे महाराज क्षमा चाहन्छु मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द । क्रमशः

# लैंगिक र समावेशी बजेटको खोजी



अमृता अनमोल

> नागरिकको ढोका अगाडिको सरकार हो, स्थानीय तह । जहाँ सर्वसाधारण नागरिक पनि सहजै पुग्न, आफ्ना समस्या र आवश्यकता राख्न सक्छन् । त्यसैले योजना तर्जुमामा बस्तीस्तरदेखि वडा हुँदै लक्षित समुदायसम्म कस्ता नीति र कार्यक्रम ल्याउने भन्ने छलफल गर्ने र सुझाव माग्ने कामको जिम्मा स्थानीय तहलाई दिएको छ । ढोका अगाडिका स्थानीय सरकारले कसलाई केन्द्रमा राखेर कस्तो बजेट ल्याउँदै छ ? त्यसमा आमनागरिकले थप निगरानी गर्न जरुरी छ ।

नेपालको संविधान २०७२ ले आगामी वर्षका लागि जेठ १५ मा संघ, असार १ गते प्रदेश र असार १० गतेभित्र स्थानीय तहको बजेट ल्याइसक्नुपर्ने मादण्ड तोकेको छ । त्यही मापदण्डअनुसार तीन तहकै सरकारले आउँदो आर्थिक वर्षका लागि नीति कार्यक्रम र बजेट बनाउन योजना तर्जुमाको काम सुरु गरेका छन् । सरकारहरूले कस्ता नीति कार्यक्रम ल्याउँदै छन् ? तिनका आधारमा कस्तो बजेट बनाउँदै छन् ? परम्परागत छन् कि केही फरक ? लैंगिक उत्तरदायी र समावेशी छन् कि असमावेशी ? यो अहिले सर्वत्र चासोको विषय बनेको छ ।

नागरिकको ढोका अगाडिको सरकार हो, स्थानीय तह । जहाँ सर्वसाधारण नागरिक पनि सहजै पुग्न, आफ्ना समस्या र आवश्यकता राख्न सक्छन् । त्यसैले योजना तर्जुमामा बस्तीस्तरदेखि वडा हुँदै लक्षित समुदायसम्म कस्ता नीति र कार्यक्रम ल्याउने भन्ने छलफल गर्ने र सुझाव माग्ने कामको जिम्मा स्थानीय तहलाई दिएको छ । ढोका अगाडिका स्थानीय सरकारले कसलाई केन्द्रमा राखेर कस्तो बजेट ल्याउँदै छ ? त्यसमा आमनागरिकले थप निगरानी गर्न जरुरी छ ।

पहुँचबाट टाढा रहेका नागरिकलाई विकासको मूलधारमा ल्याउन छुट्टै विकास चाहिन्छ । त्यसका लागि लैंगिक तथा समावेशी विकास बजेट बनाउनुपर्छ । पहुँचविहीनलाई विकासको मूलधारमा ल्याउन भन्दै नेपालमा आर्थिक वर्ष २०६४/६५ देखि लैंगिक उत्तरदायी बजेट कार्यान्वयनमा आएको हो । त्यसबेलादेखि लक्षित वर्ग तोकेर कूल विकास बजेटको ३५ प्रतिशत बजेट छुटयाउन सुरु भयो । संघ र स्थानीय तह दुवैको विकास बजेटमा १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत जनसंख्याका आधारमा दलित, जनजाति, अल्पसंख्यक, ज्येष्ठ नागरिकलगायतका क्षेत्रमा विनियोजन हुन्थ्यो । उक्त बजेटले लक्षित वर्गको प्रत्यक्ष फाइदा हुने योजना, उत्थान तथा सीप र क्षमता विकासका कार्यक्रम गरिन्थे । त्यसअनुसार काम नभए साविक स्थानीय निकायको बजेट कटौती हुन्थ्यो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैंगिक उत्तरदायी बजेट हुनुपर्ने र बजेटमा लक्षित वर्गलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ । तर, उक्त बजेट कति हुनुपर्ने सीमा तोकेको छैन । सीमा हटाइएपछि स्थानीय तहमा लैंगिक र समावेशी बजेट काटिएको छ । सीमा नहुनु भनेको पाउँदै आएको बजेट काट्नु होइन ।

धेरै स्थानीय तहमा बजेट प्रमुख र उप्रमुख वा अध्यक्ष र उपाध्यक्ष लक्षित कार्यक्रम भनेर एकमुष्ठ राख्ने र बाँड्ने गरेका छन् । जनप्रतिनिधिको तजबिजमा बजेट बाँड्दा महिला, बालबालिका, पछाडि परेका वर्ग समुदाय एवं सामाजिक समावेशीकरणका मुद्दा ओझेलमा परेका छन् । समावेशी विकासका कतिपय चालु योजनासमेत रोकिएका छन् । यसले मानव विकासको सूचकांकमा असर देखिएको छ । वर्गीय विभेद् हुनु, विकासमा सबैको समान पहुँच नहुनु, लैंगिक र समावेशी विकास नहुनु, बजेटमा लक्षित वर्ग छुटनुले मानव विकास सूचकांक अपेक्षाकृतरूपमा नसुध्रिएको हो । यसर्थ विकासबाट टाढा रहेका लैंगिक र सीमान्तकृत समुदायको हितका लागि लैंगिक उत्तरदायी र समावेशी बजेट बनाउन दबाब सिर्जना गरिनुपर्छ ।

लैंगिक उत्तरदायी बजेट बनाउँदा महिला र पुरुषका लागि अलग-अलग बजेट नै चाहिन्छ भन्ने होइन । बजेटका सबै उपलब्धिमा महिला र पुरुषको सन्तुलित सहभागिता र लाभ खोज्ने प्रक्रिया हुनुपर्छ भनिएको हो । लैंगिक समानताका लागि बजेटको सुनिश्चित, बजेटका सबै प्रक्रियामा लैंगिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरण हो । लैंगिक विभेद्का कारण अवसरबाट वञ्चित एवं पछाडि पारिएको वर्गलाई समानुपातिक अवसर प्रदान गर्न र तिनीहरूको क्षमता विकास तथा सशक्तीकरणका लागि लैंगिकमैत्री एवं लैंगिक उत्तरदायी बजेट जरुरी छ । समाजमा रहेका गरिब, महिला, दलित एवं सुविधाविहीन आदिवासी जनजातिलाई केन्द्रबिन्दु मानेर उक्त समाजका सम्पूर्ण वर्ग, लिंग र जातजाति एकैथलोमा जम्मा भई आफू र आफ्नो समुदायको विकास गर्न संगठित, समानुपातिक साथै सक्रिय रूपमा सहभागी हुने र उपलब्ध स्रोत, साधन, सेवा सुविधा र अवसरहरूको न्यायोचित ढंगले उपभोग गर्न पाउने अनुकूल वातावरण तयार गर्ने प्रणाली र प्रक्रिया सामाजिक समावेशीकरण हो ।

सामाजिक समावेशी बजेटका लागि पनि सबै समुदायलाई बजेट बाँड्नुपर्छ भन्ने छैन । तर, बजेटका सबै उपलब्धिमा आफ्नो क्षेत्रमा सबै समुदायको सहभागिता र लाभ हुनुपर्छ । बजेटले महिलाभित्र पनि समावेशी र सीमान्तकृतभित्र पनि अल्पसंख्यकलाई लाभ पुऱ्याउनुपर्छ । समुदायमा रहेको जातीय, वर्गीय, लैंगिक, भाषिक तथा क्षेत्रीय विभेद् अन्त्य गरी सामाजिक न्याय स्थापना गर्न, सामाजिक विखण्डन र द्वन्द्व सिर्जना हुनबाट समाजलाई जोगाउन एवं वञ्चितीमा परेकाहरूलाई मूलप्रवाहमा ल्याउन समावेशी बजेट जरुरी छ । यसले सामाजिक र आर्थिक विभेद्का कारण सिर्जित द्वन्द्वलाई कम गरी शान्तिपूर्ण विकासमा सघाउँछ ।

अहिले स्थानीय तहमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भएर काम गर्ने उपप्रमुख वा उपाध्यक्षको जिम्मेवारी छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भएर आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रूपमा छलफल गरी अन्तिम प्रस्ताव कार्यपालिकामा पेस गर्नेसम्मको अधिकार स्थानीय तहका उपाध्यक्ष वा उपप्रमुखलाई दिएको छ । अहिले ५३४ स्थानीय तहमा प्रमुख वा उपाध्यक्ष महिला छन् । नागरिकले उनीहरूसँग आफ्नी आमा, दिदीबहिनीलाई जस्तै सहज किसिमले आवश्यकता राख्छन् । बजेटमार्फत आफ्ना दैनिकी सहज बनाउन समस्या समाधान गर्न, न्याय, सुशासन, विकासमा पहुँचको अपेक्षा राख्छन् । यस्तो काममा धेरै महिला उपप्रमुख वा उपाध्यक्षले निर्धक्क काम गरेको भने पाइँदैन । उनीहरू प्रमुख वा अध्यक्षको छायाँमा छन् । कतिपयमा अध्यक्ष वा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत वा अन्य कार्यपालिका सदस्यले भूमिका संकुचित बनाएको छ । कतिपयमा लैंगिकता र समावेशीताप्रतिको बुझाइ नै स्पष्ट छैन । यही कारण लैंगिक हिसाबले महिला भए पनि धेरै उपप्रमुख वा उपाध्यक्षले ऐनले दिएका जिम्मेवारी पूरा गर्न, सामाजिक विकास, लैंगिक समानतालगायतका मुद्दा आवश्यकताअनुसार उठाएका छैनन् । फलस्वरूप लैंगिकमैत्री र समावेशीको साटो टाठाबाठाले ल्याएका विकास र भौतिक पूर्वाधारका योजनालाई नै निरन्तरता दिएका छन् ।

स्थानीय तह गठनका बेला गाउँगाउँमा सिंहदरबार घरघरमा विकास भनियो । तर, गाउँकै सिंहदरबार अर्थात् स्थानीय तहमा पनि धेरै महिला, बालबालिका, सीमान्तकृत र अल्पसंख्यक समुदायका व्यक्ति बजेट माग्दै पुग्दैनन् । पुगेकाको कुरा सुन्ने फुर्सद पनि धेरै जनप्रतिनिधिलाई छैन । लैंगिकमैत्री, समावेशी बजेट र यसमार्फत गरिने सामाजिक विकास भौतिक विकासजस्तो तत्काल मापन गर्न सकिँदैन । कामको तत्काल प्रभाव पनि देखिँदैन । पहुँचवालाले जस्तो दबाब दिन सक्दैनन् । यसैले धेरैजसो जनप्रतिनिधिहरू लक्षित समुदायका लागि छुट्टिने लैंगिक र समावेशी बजेट भनेको खेर जाने बजेट भन्ने मानसिकता राख्छन् । जनप्रतिनिधिको ध्यान पहुँचवाला नागरिकमा छ । सडक, कुलो, पुल, भवनजस्ता भौतिक पूर्वाधार विकासमा छ । योजना निर्माण तथा छनोटमा पनि लैंगिक उत्तरदायी र समावेशी बजेट चाहिने लक्षित वर्गको सहभागिता कम हुन्छ । सहभागी हुनेले पनि तर्क राख्न सक्दैनन् । यही कारण पनि स्थानीय तहमा लैंगिक र सामाजिक समावेशीकरणको बजेट घटाएको छ । स्थानीय तहमा जिम्मेवार व्यक्ति, विषयविज्ञ र लैंगिक संवेदनशीलताको अभाव छ । यसले राम्रा कामको सुरुआत गरेका स्थानीय तहको नीति कार्यक्रम र बजेट पनि लैंगिक र समावेशी छैन । लैगिक र समावेशी शीर्षकमा छुटयाएको बजेटसमेत साझा पूर्वाधार विकासमा लगाएका छन् ।

स्थानीय तहका हरेक वडामा दुई जना महिला सदस्य छन् । त्यसमध्ये एक दलित महिला र एक अन्य हुन् । समावेशी विकासको सिद्धान्तबाट गएका तिनै महिला र सीमान्तकृत प्रतिनिधिले पनि लैंगिक र समावेशी बजेट बिर्सेका छन् । हरेक स्थानीय तहमा महिला तथा बालबालिका शाखा छन् । त्यसमा महिला तथा बालबालिका कार्यालयबाट समायोजन भएर गएका महिला कर्मचारी प्रमुख छन् । तर, उनीहरूको पहुँच नीति, बजेट, कार्यक्रम निर्माण र कार्यान्वयनमा छैन । संघीयतामै लैंगिक र समावेशी बजेट घट्नु र मुद्दा ओझेलमा पर्नु लाजमर्दो कुरा हो । दिगो विकासको लक्ष्यमा पुग्न र मानव विकास सूचकांक बढाउन लैंगिक तथा समावेशी विकास जरुरी छ । लक्षित वर्गले सहजरूपमा आफ्ना आवाज र गुनासो सुनाउन सक्ने स्थानीय तह नै हो ।

स्थानीय तहले उनीहरूको उत्थान र विकासका लागि लगानी घटाउने होइन बढाउनुपर्छ । यसर्थ, लैंगिकमैत्री नीति कार्यक्रम र बजेट निर्माणमा उपप्रमुख वा उपाध्यक्षलाई निर्धक्क काम गर्ने अवसर सिर्जना गरिदिनुपर्छ । राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी र नागरिक अगुवाले काममा सघाउनुपर्छ । जनप्रतिनिधि राजनीतिक प्रतिनिधि पनि हुन् । संविधानको प्रस्तावनाले नै लैंगिकता र समावेशितालाई समेटेको छ । यसर्थ, सरकारका नीति कार्यक्रम बनाउँदा होस् वा बजेट ल्याउदा लैंगिकता र समावेशीताप्रति राजनीतिक इच्छाशक्ति र राजनीतिक प्रतिबद्धता हुनुपर्छ । लैंगिक र समावेशी बजेट नबनाउने स्थानीय तहलाई प्रदेश र संघले दिने अनुदान घटाउनुपर्छ । प्रदेश र संघले पनि बजेट लैंगिक र समावेशी बनाउन चुक्नु हुँदैन । *रासस*

## पत्र-मञ्जुषा

# शिक्षामन्त्रीलाई प्रश्न- नेपालको शिक्षा गुणस्तरीय छैन ?

अहिले नेपाली विद्यार्थीहरू लाखौं रूपैयाँ खर्चिएर पढ्नको निम्ति अमेरिका, अस्ट्रेलिया, क्यनाडालगायत विकसित मुलुक गइरहेका छन् । त्यहाँ पुगेका अधिकांश नेपाल फर्किदैनन् । जाने बेला पढ्ने बहाना बनाए पनि उनीहरूको लक्ष्य र उद्देश्य नै त्यहाँको ग्रिनकार्ड पाउनु हुन्छ ।

यहाँको नागरिकता त्याग्छन् । अनि त्यहाँको नागरिक बन्छन् । सँगै यहाँ भएको पुर्ख्यौली सम्पत्ति पनि बेचेर लैजान्छन् । नागरिकता त्यागे पनि पुर्ख्यौली सम्पत्तिचाहिँ त्याग्दैनन् । बेचेरै लैजान्छन् । सरकारले पनि नेपाली नागरिकता त्याग्नेले आफ्नो यहाँ भएको पुर्ख्यौली सम्पत्ति बेचेर लैजान नपाउने निर्णय गरेको छैन ।

यसले गर्दा केही वर्षयता विकसित मुलुक विदेशिएकाहरूले नेपाली नागरिकता त्याग्ने र यहाँ भएको सम्पत्ति पनि बेचेर लैजाने क्रम ह्वात्तै बढेको छ । त्यसैले, आफ्नो देशको नागरिकता त्याग्नासाथ पुर्ख्यौली सम्पत्ति पनि नपाउने र विक्रीवितरण पनि गर्न नपाउने कानुन अब सरकारले बनाउनुपर्छ । त्यस्तो सम्पत्ति राष्ट्रियकरण गरिनुपर्छ ।

सरकारले यो कानुन नबनाउँदा एकातिर देशका दक्ष, सक्षम नागरिक विदेशिएका छन्, अर्कोतिर मुलुकको सबै पैसा पनि बाहिरिएको छ । नेपालीहरूले यहाँ भएको सम्पत्ति बेचेर लगी त्यहाँ घडेरी किनेको सुनिन्छ । यसरी बर्सेनि खर्बौं रकम अमेरिका, अस्ट्रेलिया, क्यानडालगायत विकसित मुलुक गइरहेको छ ।

एकपटक अमेरिका, अस्ट्रेलिया पुगेपछि मानिसहरू नेपाल फर्किदैनन् । यहाँ त पैसा पठाउँदैनन् नै उल्टै भएकोसमेत बेचेर लैजान्छन् । त्यहाँको सरकारले पनि आफ्नो देशमा पठाउँछ भनेर त्यहीँ ऋणमै घरजग्गा, गाडीलगायत विभिन्न वस्तु तथा सामग्री भिडाउँछ । अनि त्यहाँ कमाएको पैसा सबै त्यँही खर्चिनुपर्छ ।

नेपालीहरू अमेरिका, अस्ट्रेलियाको नोकर बनेका छन् । त्यो देशको सरकारले जे भन्छ, त्यही गर्छन् । विदेशीलाई धनी बनाइरहेका छन्, नेपालीहरू । अहिले नेपालमा आर्थिक मन्दी छ । अर्थतन्त्र शिथिल बनेको छ । यता, सरकार भन्छ, 'विदेशी पर्यटकको आगमन बढ्यो ।' यसले राजस्व वृद्धि भयो ।

तर, सरकारकै तथ्याक हेर्ने हो भने विदेशी पर्यटकको आगमनभन्दा नेपालीहरू अमेरिका, अस्ट्रेलिया बढी विदेशिएका छन् । त्यो पनि मासिक अर्बौं खर्चिएर । विदेशी आउँदा राज्यको ढुकुटीमा मासिक करोडको हाराहारीमा राजस्व संकलन हुँदा नेपालीहरू मासिक अर्बौं खर्चिएर अमेरिका, अस्ट्रेलियालगायत मुलुक पढ्ने बहानामा गइरहेका छन् ।

यद्यपि, सरकार भने पढ्ने नाममा मुलुकबाट वर्षेपिच्छे खर्बौं रकम बाहिरिँदासमेत केही गर्न सक्दैन । नेपाली नागरिकता त्यागेर यहाँ भएको पुर्ख्यौली सम्पत्तिसमेत बेचेर त्यहाँ लैजाँदा पनि सरकार केही गर्न सक्दैन । सरकार आफ्नो देशको दक्ष जनशक्ति र मुद्रा बाहिरिएको रमिता हेरेर बसिरहेको छ । मुलुकभित्र थुप्रै राम्रा/राम्रा कलेज छन् । अध्ययनका लागि उत्कृष्ट कलेज छन् ।

तर, नेपालमा गुणस्तरीय शिक्षा नभएको आरोप लगाउँदै पढ्ने बहानामा सुरुमा लाखौं खर्चिएर अमेरिका, अस्ट्रेलिया विदेशिन्छन् । अहिले कालोधनसमेत विदेशमा लगेर राख्ने प्रवृत्ति ह्वात्तै बढेको छ । छोराछोरी अमेरिका, अस्ट्रेलिया पठाउने अनि यहाँ भ्रष्टाचार गरेर, राजस्व छलेर आयआर्जन गरेको गैरकानुनी सम्पत्ति त्यहाँ लगेर राखी छोराछोरीले कमाएको दाबी गर्ने गरिएको छ ।

अमेरिका, अस्ट्रेलिया, क्यानडाजस्ता देशहरू अरू मुलुकको दक्ष जनशक्ति र पैसा आफ्नो मुलुक भित्र्याएर विकाससँगै धनी भएका छन् । अरू देशको जनताको रगत, पसिना र पैसा चुसेर आफ्नो देशलाई विकसित र धनी बनाएका छन् । विडम्बना, हाम्राजस्तो मुलुकहरू भने आफ्नो देशको दक्ष, सक्षम जनशक्तिलाई देशभित्र रोक्न सकिरहेका छैनौं ।

देशको नागरिक र पैसा दुवै पलायन भइरहेका छन् । यसतर्फ अझै पनि सरकारको ध्यान गएको छैन । कन्सलटेन्सीहरू आफ्नो फाइदाको निम्ति देशको नागरिक र पैसा दुवै विदेश पठाइरहेका छन् । यसले उनीहरूलाई त फाइदा होला तर समग्र राष्ट्रलाई क्षति पुगेको छ । अहिले कक्षा १२ पास गर्नेबित्तिकै अमेरिका, अस्ट्रेलिया जान्छन्, विद्यार्थीहरू ।

किनकि, उनीहरूलाई सानैदेखि नेपालमा बसेर केही हुन्न भन्ने भ्रम छरिदिएको छ । आफ्नो स्वार्थका लागि कन्सलटेन्सी, दलालीहरूले विद्यार्थीहरूमा यस्तो भ्रम छरिरहेका छन् । अहिले कक्षा १ देखि १२ सम्म अध्ययन गरिरहेका विद्यार्थीहरूकै मन, मस्तिष्कमा नेपालमा बसेर केही हुन्न भन्ने भ्रम सिर्जना भएको छ । यसैले, पनि कक्षा १२ पास गर्नेबित्तिकै विद्यार्थीहरू अभिभावकहरूलाई विदेशिने योजना सुनाउँछन् ।

अहिले नेपाली विद्यार्थीहरू पढ्नको निम्ति धमाधम विदेशिँदा मुलुककै शैक्षिक गुणस्तरमाथि प्रश्न उठेको छ । मुलुकका ठूलठूला कलेज, विश्वविद्यालयहरू बन्द हुनुपर्ने अवस्थामा पुगेका छन् । अनि नेपाली विद्यार्थीहरूचाहिँ लाखौं खर्चिएर पढ्नको निम्ति विदेशिरहेका छन् । अब शिक्षामन्त्री सुमना श्रेष्ठले जवाफ दिनैपर्छ, के देशको शिक्षा निकै कमजोर हो ?

– *रुषा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मण्डनदेउपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**काभ्रेपलाञ्चोक, महादेवस्थान**

**बागमति प्रदेश, नेपाल**

## इन्द्रावती नदी, चाखोला आशीखोला र ढाँडखोला थारखोलाको रोडा, ढुंगा गिट्टी बालुवाको संकलन तथा विक्री शुल्क उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना ।

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०२/६)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ वमोजिम यस मण्डनदेउपुर नगरपालिकाको आ.व. २०८१/८२ को लागि देहाय वमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट तथा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरूबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, बालुवा, ग्राभेल संकलन तथा विक्री शुल्कको ठेक्का लिन ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**ठेक्का सम्बन्धी विवरण:**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व. २०८१/०८२ का लागि कायम न्यूनतम अंक (मू.अ.कर सहित) | संकलन/उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) | बोलपत्र फारम दस्तुर | धरौटी/ जमानत रकम | बागमती प्रदेश सरकारबाट स्वीकृत दररेट |
|---|---|---|---|---|---|---|---|
| १. | 1/IR/2081/082 | मण्डनदेउपुर नगरपालिका क्षेत्रभित्रको ईन्द्रावती नदी क्षेत्रबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल IEE मा उल्लेखित ङघ वटा क्षेत्रबाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिका अन्तरगत इन्द्रावती नदी क्षेत्रभित्र उत्पादन विक्री शुल्क (बोलपत्र फारम साथ उपलब्ध सूची अनुसार) | ९,७७,११,३१४.८२ (नौ करोड सतहत्तर लाख एघार हजार तिन सय चौध रूपैयाँ बयासी पैसा मात्र) | ढ९६०७७९८.९ क्यू फिट | ५०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, गिट्टी, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रू. ९ |
| २. | 2/IR/2081/082 | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत चाखोला र आँशीखोलाबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल IEE मा उल्लेखित १० वटा क्षेत्रहरूबाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत चाखोला र आँशीखोला क्षेत्रभित्र उत्पादन भई विक्री हुने नदीजन्य पदार्थको विक्री शुल्क (बोलपत्र फारमसाथ उपलब्ध सूची अनुसार) | ३१,३२,१७८.१२ (एकतिस लाख बत्तिस हजार एक सय अठहत्तर रूपैयाँ बाह्र पैसा मात्र) | ३०७९८२.११५ क्यू फिट | ३०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, गिट्टी, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रू. ९ |
| ३. | 3/IR/2081/082 | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत ढाडखोला र थारखोलाबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल IEE मा उल्लेखित ७ क्षेत्रहरु बाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत ढाडखोला र थारखोलाबाट क्षेत्रबाट उत्पादन भइ विक्री हुने नदीजन्य पदार्थको विक्री शुल्क (बोलपत्र फारमका साथ उपलब्ध सूची अनुसार) | २८,१०,०१७.३८ (अट्ठाइस लाख दश हजार सत्र रूपैयाँ अठतिस पैसा) | २७६३०४.५६ क्यू फिट | ३०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, गिट्टी, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रू. ९ |

**ठेक्का सम्बन्धि शर्तहरू:**

१. बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, साथै लिखित निवेदन स्वघोषणा पत्र र मू. अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८१/०३/०३ गतेको कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. E- Bidding को लागि वोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकतको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८१/०३/०४ गतेको कार्यालय समयभित्र E-bidding मार्फत www.bolpatra.gov.np बाट Bid document Download गर्न सकिनेछ ।

ग्लोबल आइएमइ बैंक कुन्तावेशी शाखामा रहेको खाता ग.१.१ आन्तरिक राजश्व खाता **मण्डनदेउपुर खाता नं** 22004010000010, **राजश्व शीर्षक नं.** 14229 मा बोलपत्र दस्तुर जम्मा गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. बोलपत्र फारम रितपूर्वक भरि मिति २०८१/०३/०४ गतेको दिनको १२ बजेभित्र पेश गर्नुपर्नेछ । पेश भएका बोलपत्रहरु सोही दिनको २ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. E-bidding मार्फत प्राप्त बोलपत्र फाराम रितपूर्वक भरी मिति २०८१/०३/०४ गतेको दिनको १२ बजेभित्र e-submission गर्न सकिनेछ ।बोलपत्रहरु सोही दिनको २ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । Bid Response गर्दा बुँदा नं. २ मा उल्लेख भएका कागजात, बैक जमानत, बोलपत्र दस्तुर, Bid Response document PDF Format मा पेश गर्नुपर्नेछ ।

५. बोलपत्रको मान्य अवधी कम्तीमा ९० दिनको हुनुपर्नेछ ।

६. धरौटी रकमः www.bolpatra.gov.np मा आ.व. २०८१/०८२ का लागि कायम न्यूनतम अंकको ५% रकम तोकिएको भए तापनि बोलपत्र पेश गर्दा आफूले कवोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशत ले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइएमइ बैंक, कुन्तावेशी शाखामा रहेको खाता ग.३ मण्डनदेउपुर धरौटी खाता नं. 22004010000008 खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानत पत्र (Bid security) अनिवार्य रूपले बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

८. बोलपत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र कवोल अकंको ३० (तिस) प्रतिशत रकम (मु. अ. कर समेत) नगदै तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैकबाट जारी भएको प्रत्येक किस्ता रकमको छुट्टा-छुट्टै मु.अ.कर बापतको रकम समेतको कार्यसम्पादन जमानी पत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।

९. ठेकेदारले सम्झौतामा तोकीएको विषय क्षेत्रमा तोकिएको दर रेटमा मात्र शुल्क असुल गर्न पाउनेछ । संकलन तथा विक्री शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ ।

१०. बागमती प्रदेश सरकारले जुनसुकै बखत दररेट परिवर्तन गरेमा सोही वमोजिम कार्यान्वयन हुनेछ । साथै सो सम्बन्धी जानकारी यस कार्यालयबाट तुरुन्तै हुनेछ ।

११. यस सूचनामा उल्लेखित खोला/नदीका अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२/१०/२० को निर्णय वमोजिम नेपाल सरकार/दातृ निकायद्धारा संचालन हुने विकास आयोजनाहरूको लागि प्रयोग हुने निर्माणजन्य सामाग्रीको विक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE को परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा नगरपालिकाले सम्बन्धित आयोजनाबाट विक्री मूल्य असुल गर्नेछ ।

१२. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्बन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न मण्डनदेउपुर नगर कार्यपालिकाले निर्णय गर्नेछ।

१३. संकलन तथा विक्री शुल्क उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन वमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वंयमले बुझाउन् पर्नेछ ।

१४. रोडा, ढुंगा, बालुवा, ग्राभेल विक्री ठेक्कामा रोडा, ढुंगा, बालुवा, ग्राभेल निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरी निकाल्न पाइने छैन साथै खोला/नदीमा पर्ने पुलको तल माथि कम्तिमा ५०० मिटर छाडेर प्रतिवेदनमा तोकीएको स्थानहरूबाट मात्र रोडा, ढुंगा, बालुवा, ग्राभेल निकाल्नु पर्नेछ ।

१५. ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार ठेक्का आव्हान गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदिको कारण केही दिन काम सुचारू नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति पाइने छैन । IEE प्रतिवेदनमा उल्लेख भएको अवधि बाहेकमा नदी/खोलाबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखेको सामाग्री विक्री गर्न बाधा पर्ने छैन।

१६. जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरूले अनुगमन गर्दा कानून र मापदण्ड वमोजिम नपाईएमा प्रचलित कानून वमोजिम कारबाही हुनेछ ।

१७. जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्षभित्र उक्त ठेकेदारले उत्खनन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल सो क्षेत्रबाट उठाइसक्नु पर्नेछ ।

१८. नदी प्रवाहको दिशा परिवर्तन हुने गरी ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन गर्न पाइने छैन ।

१९. प्रतिवेदनमा उल्लेखित स्थानहरूबाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन गर्नुपर्नेछ साथै प्रतिवेदनमा स्वीकृत भएको हकमा स्वीकृत अवधिसम्म मेशिन प्रयोग गरी नदीजन्य सामाग्रीहरु उत्खनन् गर्न बाधा पर्ने छैन ।

२०. पानीले पखालेको चिसो बालुवा पानी चुहाउदै कालोपत्रे सडकमा ढुवानी गर्न गराउन पाइने छैन । साथै ढुंगा, गिट्टी, बालुवा, ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ । साथै बालुवा धुँदा निस्किएको धमिलो पानी सिधै नदीमा मिसाउने पाइने छैन ।

२१. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन । तर बोल कबोल गरेको वार्षिक ठेक्का रकम सम्झौता गर्दाकै बखत एकमुष्ट रूपमा पुरै जम्मा गरेमा प्रचलित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाको निर्णय वमोजिम छुट दिइनेछ।

२२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

२३. यसमा उल्लेख नभएका अन्य कुराहरु बागमती प्रदेश सरकारबाट जारि गरिएको नदीजन्य पदार्थ (उत्खनन र उपयोग) कार्यविधि, २०७५ र गिट्टी, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, मण्डनदेउपुर नगरपालिकाभित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि २०७५ र अन्य प्रचलित कानून वमोजिम हुनेछ। साथै सभौता गर्दाका बखत यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलिपत्रको अभिन्अंग मानिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


# प्रभाव दैनिक






## डा. स्मृतिको 'मैले माया...' सार्वजनिक

मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरमा उपप्राध्यापकका रूपमा कार्यरत डाक्टर स्मृति शाक्य पेसाले चिकित्सक हुन् । लामो समयदेखि यही क्षेत्रमा निरन्तर सोव गर्दै आएकी मुटुरोग विशेषज्ञ डा.स्मृतिले अहिलेसम्म हजारौं दिल अर्थात हृदय रोगीहरूको सफल उपचार गरिसकेकी छन् । चिकित्सक पेसामा अब्बल डाक्टर स्मृतिले पछिल्लो सयम डाक्टर मात्रै होइन गायिकाको पनि परिचय थप्दै गायिका स्मृति पनि बनेकी छन् । हजारौं हृदय रोगीहरूको दिल छोएर सफल उपचार गरेकी शाक्यले पछिल्लो समय 'मैले माया लाएको धोका दिन होइन, मैले प्रीति गाँसेको दु:ख दिन होइन' बोलको मर्मस्पर्शी गीतको म्युजिक भिडिओ बजारमा ल्याएकी छन् ।






# दुई सातामा चार चलचित्र प्रदर्शन हुँदै







■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबार नयाँ चलचित्र प्रदर्शन गर्ने गरिन्छ । यद्यपि शुक्रबार कुनै नयाँ चलचित्रको प्रदर्शन गरिएको छैन । जेठमा दुई सातामा चार चलचित्र प्रदर्शन हुँदैछन् । बाँकी तीन साता कुनै चलचित्रको प्रदर्शन तय गरिएको छैन ।

यही जेठ १० मा 'फर्की फर्की' र 'पुजार सार्की' तथा जेठ २५ मा 'लन्डन टू पेरिस' र 'गाउँ आएको बाटो' चलचित्र प्रदर्शन हुँदैछ । जेठमा पाँच शुक्रबार भएता पनि दुई साता मात्र चलचित्रको भिडन्त छ । बिदा र उचित समय देखेर नै यी प्रदर्शन मिति घोषणा गरिएका हुन् ।

'फर्की फर्की' का निर्माता रोहित अधिकारीले आफूले पहिले नै चलचित्रको प्रदर्शन मिति तय गरिएको बताए । उनले भने, 'हामीले खाली समय हेरेर प्रदर्शन घोषणा गरेका हौं, हामीले कसैसँग प्रतिस्पर्धा गर्न गएका होइनौं, हामी विदेशी चलचित्रसँग प्रतिस्पर्धा गर्ने तयारीअनुरूप आएका हौं ।' उनले आफ्नो चलचित्रमा 'टाइम लुप' को नयाँ 'कन्सेप्ट' हेर्न पाइने बताए । सुयोग गुरुङले निर्देशक गरेको चलचित्रमा अनमोल केसी, जसिता गुरुङ, रवि काफ्ले, समृद्धि अर्याल, निर्मल शर्मा, कृष्ण मल्ललगायत कलाकारले अभिनय गरेका छन् । सोही मितिमा प्रदर्शन हुने अर्को चलचित्र 'पुजार सार्की' लाई निर्देशक दिनेश राउतले निर्देशन गरेका छन् । जातीय र वर्गीय विभेदको कथालाई मिश्रित समाजको पृष्ठभूमिमार्फत देखाउनुभएको चलचित्रले 'जात होइन, मानवता' भन्ने सन्देश दिने निर्देशक राउतले बताए ।

'चलचित्रको प्रदर्शन निर्माताले तय गर्नुभयो, सायद त्यो समयभन्दा अगाडि जाँदा धेरै समय लाग्थ्यो होला, मैले यसपटक मिश्रित समाजको एकताले विकास ल्याउँछ भने विभेदले विनाश भन्ने देखाउन खोजेको छु, मैले अघिल्ला चलचित्रमा प्रस्तुत गरेको कथाको निचोड पनि यसलाई भन्न सकिन्छ', निर्देशक राउतले भने ।

विकास सुवेदीले लेखेको चलचित्रमा आर्यन सिग्देल, प्रदीप खड्का, अञ्जना बराइली, परीक्षा लिम्बू, पल शाहलगायत कलाकारले अभिनय गरेका छन् । जेठ १० पछि एकै पटक जेठ २५ मा दुई चलचित्र प्रदर्शन हुँदैछन् । यो मितिमा प्रदर्शन हुने चलचित्र 'लन्डन टू पेरिस' लाई घनश्याम लामिछानेले निर्देशन गरेका हुन् । यसमा युवापुस्ताको प्रेम र त्यसलाई परिवारसँग समायोजन गर्न नसक्दाको कथालाई देखाइएको छ । निर्देशक लामिछानेले चलचित्रले युवासँगै अभिभावकलाई पनि सचेत गराउने बताए ।

'यसमा हामीले अहिलेको पुस्ताका प्रेम देखाएका छौं, अघिल्लो पुस्ता र अहिलेको पुस्ता बीचको खाडललाई यसमा प्रस्तुत गर्नाका साथै समाधान पनि देखाएका छौं, चलचित्रमा मनोरञ्जन छ नै साथै प्रवासी नेपालीको कथा पनि छ', निर्देशक लामिछानेले भने । प्रदीप भारद्वाजले लेख्नुभएको चलचित्रमा साम्राज्ञी राज्यलक्ष्मी शाह, कवीर खड्का, निश्चल खड्का, गरिमा शर्मालगायत कलाकारले अभिनय गरेका छन् ।

सोही मितिमा प्रदर्शन हुने चलचित्र 'गाउँ आएको बाटो' लाई नवीन सुब्बाले निर्देशक गरेका छन् । गाउँमा बाटोले विकाससँगै के-के ल्याएको छ भन्ने तथ्यलाई एउटा परिवारमार्फत देखाइएको चलचित्रमा दयाहाङ राई, पशुपति राई, प्रसन राई, केशव राई, सुमित्रा राई, राज थापा, प्रेम सुब्बालगायत कलाकारले अभिनय गरेका छन् ।

'कहिलेकाहीँ गाउँ आउने बाटोले गाउँलाई सहरसँग जोड्छ वा सहरमा तान्छ, बसाइँसराइ, आधुनिकतासँगै गाउँ नै रित्तो पनि बनाउने गरेको छ, हामीले यस्तै विषयलाई एउटा परिवारको आँखा वा भोगाइबाट व्यक्त गरेका छौं, यो हाम्रो ग्रामीण भेगको कथा हो', निर्देशक सुब्बाले भने । महेश राई र निर्देशक सुब्बाले लेख्नुभएको यो चलचित्रको छायाङ्कन जोस हेरम, सम्पादन क्वान पुन लिउङ र हेडी लीले सङ्गीत सृजना गरेका छन् । जेठमा पर्याप्त समय भएपनि दुई मितिमा मात्र चलचित्रको प्रदर्शन तय गरिनु विदेशी चलचित्रलाई छल्दै स्थानीय बिदा लक्षित गरिएको हुनसक्ने वितरक करण श्रेष्ठले बताए ।

'पाँच हप्ता हुँदाहुँदै पनि दुई हप्तामा मात्र चलचित्र प्रदर्शन हुनु राम्रो सङ्केत होइन, यहाँ सहमति जुटेको भए सबैले एकल प्रदर्शन पाउँथे, मपाईंले गर्दा सहमति भएन भन्न कठिन छैन, यसले राम्रो सन्देश जाँदैन, किनकि नेपालसँगै विदेश प्रदर्शनमा पनि यसको प्रभाव पर्छ', वितरक श्रेष्ठले भने ।







# परिचय पाउन भन्दै नाचे प्रियंका र गम्भिर

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेत्री प्रियंका कार्की अभिनित रोमान्टिक गीत 'कालोकालो कपालमा खैरो कलरलाकी' सार्वजनिक गरिएको हो । राजनराज सिवाकोटीको शब्द, संगीत, स्वर रहेको गीतमा सिवाकोटीलाई गायनमा गायिका मिलन नेवारले साथ दिएकी छन् ।

गीतको भिडियोको अभिनयमा प्रियंकालाई गम्भिर बिष्टले साथ दिएका छन् । भिडियो निर्देशन समेत बिष्टले नै गरेका हुन् । प्रियंकाको यो भिडियो सहित आरजे इन्टरटेनमेन्टको औपचारिक युट्युव च्यानल सुरुवात गरिएको हो । सुरुवातको कोसेली स्वरूप आरजे इन्टरटेनमेन्टले आनी छोइङ्डोल्माको स्वरमा 'आकाश उज्यालो आकाशैको ताराले, जिन्दगी अध्यारो लोभीपापी पाराले' गीत र हाँस्यकलाकार राजेन्द्र नेपाली 'लट्टे'को 'हट पोटेटो' नामक धारावाहिक कमेडी पनि बाहिर ल्याएको छ ।

'रमाइलोको साथी' नारा सहित सुरु भएको आरजे इन्टरटेनमेन्ट दर्शकलाई विशुद्ध मनोरञ्जनका बिभिन्न खुराक पस्कने उदेश्यले ल्याइएको आरजे इन्टरटेनमेन्टका संचालन राजु केसीले बताए ।

गीत 'आकाश उज्यालो..'मा राजनराज सिवाकोटीको संगीत तथा राजु केसीको शब्द छ । सार्वजनिक दुबै गीतको भिडियोका निर्माण सल्लाकार सुवाशराज काफ्ले हुन् । आरजेले यो बर्ष आफ्नै लगानीमा २५ गीतसंगीत, २५ धारावाहिक सिरियल र २५ बाहिरको कन्टेन्ट गरेर ७५ कन्टेन्ट ल्याउने लक्ष्य बनाएको छ ।

# १५औं डी सिने अवार्डमा गौतम पुरस्कृत

**हेटौंडा (प्रस)–** नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका अध्यक्ष मणिराज गौतमलाई राजधानीमा आयोजित पन्ध्रौं प्रिज्मा डी सिने अवार्डमा 'छायाँछवि चलचित्र पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ ।

उक्त अवार्ड कार्यक्रममा गौतमलाई नेपाल कलाकार संघका अध्यक्ष मोहन निरौला, अभिनेत्री भुवन चन्द, संगीतकार शम्भुजित बास्कोटा, अभिनेत्री बसुन्धरा भुसाल र छायाँछवि क्रिएसनका अध्यक्ष शान्तिप्रिय लगायतले नगद १५ हजार रूपैयाँसहित संयुक्त रूपमा पुरस्कार प्रदान गरेको थियो ।

नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष रहनुका साथै राष्ट्रिय समाचार समिति (रासस) का पनि मनहरी समाचारदाता रहेका गौतम स्थानीय तहमा विधागत पत्रकारितामा समेत उत्तिकै सक्रिय छन् ।

चलचित्र पत्रकार संघ नेपालको मकवानपुर शाखाका संस्थापक सचिव र दुई कार्यकाल अध्यक्ष समेत रहिसकेका गौतमले केही चलचित्रहरूमा अभिनय गरेका छन् भने चलचित्र निर्माणमा समेत सहयोग गरेका छन्। पुरस्कृत गौतमले यस्ता पुरस्कारले मोफसलमा विधागत पत्रकारितामा संलग्न जनशक्तिलाई प्रोत्साहन मिल्ने बताएका छन् ।

उनले मुलुकको बहुभाषिक र बहुसांस्कृतिक पहिचान बिस्तार गर्ने क्षेत्रका रूपमा चलचित्र लगायतका क्षेत्रमा पर्याप्त प्रोत्साहन हुनुपर्ने धारणा व्यक्त गरेका छन् ।



## ललितपुर मेयर्स कप क्रिकेट

# एपिएफ चौथोपटक च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले शनिबार ललितपुर मेयर कप महिला ट्वान्टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । शनिबार सुदूरपश्चिम प्रदेशमाथि दुई रनको रोमाञ्चक जित निकाल्दै एपिएफ च्याम्पियन भएको हो ।

एपिएफ पहिलोदेखि चौथो संस्करणसम्म च्याम्पियन बन्न सफल रह्यो । कुल पाँच टोली सहभागी प्रतियोगिताको लिगमा पनि एपिएफले सुदूरपश्चिमलाई हराएको थियो । फाइनल निकै प्रतिस्पर्धात्मक भए पनि सुदूरपश्चिमले जित निकाल्न भने सकेन । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा एपिएफले दिएको एक सय ५६ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै एक सय ५३ रन मात्र जोड्न सक्यो ।

खराब शुरुवात बाबजुद सुदूरपश्चिमका लागि कविता जोशी र लक्ष्मी साउदले शतकीय साझेदारी गर्दै जित आशा देखाए । ६.४ ओभरमा सुदूरपश्चिम ४९/५ को अवस्थामा थियो । तर, कविता र लक्ष्मीले छैटौं विकेटका लागि १०४ रनको साझेदारी गरे । तर अन्तिम ओभरमा पाँच रन बनाउन असफल हुँदा सुदूरपश्चिमले हार व्यहोर्‍यो । कविता ६७ रन र लक्ष्मी २९ रनमा अविजित रहे । आक्रामक ब्याटिङ गरेकी कविताले ४५ बलमा सात चौका र ३ छक्का प्रहार गरे । सुस्त खेलेकी लक्ष्मीले ३५ बलमा दुई चौका हिर्काइन् ।

त्यसअघि कप्तान विन्दु रावल १९, सम्झना खड्का १० र सावित्री धामीले १२ रन जोडे । अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । एपिएफको बलिङमा करुणा भण्डारीले दुई र सुमन विष्टले एक विकेट लिए । करुणाबाहेक सबै बलर महँगा रहे पनि एपिएफले लक्ष्य पूरा गर्न दिएन । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको एपिएफले निर्धारित ओभरमा चार विकेट गुमाउँदै १५५ रन जोड्यो । एपिएफका ओपनरद्वय राजमति ऐरी र सीता रानामगरले अर्धशतक बनाउँदै राम्रो योगफलतर्फ अग्रसर गराए । राजमति ५० रन र कप्तान सीता ७४ रनमा आउट भए ।

यी दुईबीच पहिलो विकेटका लागि ९१ रनको साझेदारी बन्यो । राजमतीले ४६ बलमा सात चौका हिर्काइन् । ५५ बल खेलेकी सीताको इनिङमा सात चौका रह्यो । इनिङको अन्त्यसम्म ब्याटिङ गर्दै सीताले राम्रो स्थितिमा पुर्‍याइन् । ममता चौधरी १० रनमा नटआउट रहिन् । यी तीनबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । सुदूरपश्चिमको बलिङमा ऋतु कनोजिया, बिन्दु रावल र राधिका पुजराले समान एक विकेट लिए ।

लिगमा अपराजित एपिएफ पहिलो र सुदूरपश्चिम दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेका हुन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी एपिएफकी कप्तान सीता रानामगर घोषित भइन् । उत्कृष्ट ब्याटर सुदूरपश्चिमकी सम्झना खड्का र उत्कृष्ट बलर ललितपुर मेयर्स-११ की कृतिका मरासिनी घोषित भए । सिंगल राउण्ड रोबिनका आधारमा भएको प्रतियोगितामा ललितपुर मेयर्स, कोसी प्रदेश र बागमती क्रमश: तेस्रोदेखि पाँचौं स्थानमा रहे । यी तीनैले समान एक खेल जितेका थिए ।

# पुम्से रिफ्रेसर कोर्स सम्पन्न

■ प्रभाव संवाददाता



**काठमाडौं–** तेस्रो राष्ट्रिय पुम्से तेक्वान्दो रेफ्री सेमिनार तथा दोस्रो राष्ट्रिय पुम्से रेफ्री रिफ्रेसर कोर्स सम्पन्न भएको छ । गत चैत १ गतेबाट सुरु भएको कोर्स शनिबार सातदोबाटोस्थित नेपाल तेक्वान्दो एकेडेमीमा सम्पन्न भएको हो ।

पुम्से सेमिनार तथा रिफ्रेसर कोर्सका सहभागीलाई युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ, नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाशशम्शेर राणा, उपाध्यक्ष भानबहादुर चन्द, महासचिव दीपराज गुरुङलगायतले प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले खेलाडी उत्पादनसँगै दक्ष निर्णायक उत्पादनमा पुम्से सेमिनार तथा रिफ्रेसर कोर्स फलदायी हुने विश्वास व्यक्त गरे ।

चैत १ गते कोशी प्रदेशको इटहरीबाट कोर्स सुरु भएको हो । इटहरीपछि मधेस प्रदेशमा रौतहटको चन्द्रपुरमा चैत ४ देखि ६ सम्म बागमतीको चितवनमा चैत १३ देखि १५, गण्डकीको पोखरामा चैत ७ देखि ९, लुम्बिनीमा चैत १९ देखि २१ र सुदूरपश्चिम प्रदेशमा चैत २२ देखि २४ गतेसम्म सञ्चालन भएको थियो । जसमा ३१७ पुरुष र ५७ महिला गरी ३७४ जना सहभागी भएका थिए ।

उनीहरूलाई वरिष्ठ तेक्वान्दो प्रशिक्षक तथा अन्तर्राष्ट्रिय निर्णायक टार्जन सुब्बा, नोर्बु लामा, बब्लु सिवाकोटी र विक्रम खड्गीले प्रशिक्षण दिएका थिए ।

समापन कार्यक्रममा नेपाल च्यापिटङ एन्ड क्यानोइङ संघका अध्यक्ष राजीव श्रेष्ठ, नेपाल बास्केटबल संघका अध्यक्ष भीमसिंह गुरुङ, नेपाल सुटिङ संघका अध्यक्ष पुष्पदास श्रेष्ठ, नेपाल कुस्ती संघका अध्यक्ष राज मोहमद मिया अन्सारी, नेपाल टेकबल संघका अध्यक्ष सुवास श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# क्लबस्तरीय भलिबलको उपाधि जिभिपीलाई



**पोखरा (प्रस)–** क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि जिभिपी युके लन्डनले जितेको छ ।

नेपाल लोकतान्त्रिक खेलकुद संघ कास्कीले आयोजना गरेको प्रतियोगिताअन्तर्गत शनिबार सम्पन्न फाइनलमा जिभिपीले जनकल्याण पोखरा-११ लाई ३-१ को सेटमा पराजित गर्दै उपाधि चुमेको हो ।

जिभिपीले जनकल्याणलाई २५-२३,२३-२५,२५-२० र २५-१९ ले जित्यो । उपाधि विजेता जिभिपीले नगद १ लाख २० हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । उपविजेता जनकल्याणले नगद ८० हजार रूपैयाँसहित मेडल र प्रमाणपत्रमा चित्त बुझायो । प्रतियोगितामा माछापुच्छ्रे गाउँपालिका भलिबल संघ तृतीय भयो ।

शनिबार भएको तेस्रो स्थानको खेलमा माछापुच्छ्रेले माछापुच्छ्रे गुराँसे भुमेलाई ३-२ को सेटमा पराजित गर्दै तेस्रो भएको हो ।

माछापुच्छ्रेले भुमेलाई २५-२३,२५-२०,२१-२५ र २५-१६ ले जित्यो । तेस्रो भएको माछापुच्छ्रेले ४० हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । सान्त्वना भएको भुमेले २० हजार रूपैयाँ प्राप्त गर्‍यो । जेठ २ गतेदेखि ५ गतेसम्म सञ्चालन भएको प्रतियोगितामा ९ टिमको सहभागिता रहेको थियो ।

प्रतियोगितामा उदीयमान जनकल्याणका सन्तोष श्रेष्ठ, उत्कृष्ट ब्लकर जिभिपीका चीरण खड्का, सर्भर जनकल्याणका भूपेन गुरुङ, सेटर जिभिपीका देवेन्द्र परियार, लिब्रो जिभिपीका राजन दलामी मगर, स्पाइकर जनकल्याणका विष्णु श्रेष्ठ, उत्कृष्ट प्रशिक्षक जिभिपीका अशोक मल्ल र सर्वोत्कृष्ट खेलाडी जिभिपीका उमेश सेन्चुरी चुनिए ।

# विश्वमा साइबर अपराधको बिगबिगी

■ ई.कुमार अभिनव



**काठमाडौं–** हालै इजरायलको राष्ट्रिय साइबर प्रणालीका प्रमुख अर्थशास्त्री श्लोमा सरफातीले एक कार्यक्रममार्फत व्यक्तिगत नागरिक र संस्थाको स्तरमा साइबर सुरक्षास्तर बढाउन कदम चालिएन भने जीवनका सबै क्षेत्रमा प्राविधिक विकासको निरन्तरतासँगै लागतहरू बर्सेनि बढ्दै जाने बताएका छन् ।

कृत्रिम बौद्धिकता (एआई)को आगमनसँगै विश्वमा साइबर अपराधको वृद्धि भइरहेको छ । साइबर अपराध अपराधको एक प्रकार हो, जसमा कम्प्युटरलाई अपराधको वस्तुको रूपमा लिइन्छ । साइबर अपराध भनेको कम्प्युटर नेटवर्कमार्फत गरिएको आपराधिक गतिविधि हो । अर्थात् साइबर अपराधलाई इन्टरनेट र डिजिटल यन्त्रमार्फत कानुनद्वारा निषेध गरिएको अरूको निजी ठाउँमा गएर आपत्तिजनक सामग्री र दुर्व्यवहारको माध्यमबाट सञ्चालित गैरकानुनी गतिविधि भनेर परिभाषित गर्न सकिन्छ । बढ्दो प्रविधिको प्रयोगले मानिसको जीवनलाई अत्यन्तै सहज बनाए पनि यसको सही सदुपयोग नहुँदा यसले समाजमा विकृति पैदा गरिरहेको छ ।

इजरायलको अर्थतन्त्रले साइबर आक्रमणका कारण वार्षिक १२ अर्ब डलर नोक्सानी बेहोरेको देशको राष्ट्रिय साइबर निर्देशनालयले जारी गरेको नयाँ प्रतिवेदनले जनाएको छ । उक्त प्रतिवेदनमा प्रस्तुत गरिएको रकम छोटो अवधिमा आक्रमणबाट हुने क्षतिलाई सम्हाल्ने लागतको विश्लेषणमा आधारित रहेको छ । साइबर आक्रमणबाट राष्ट्रिय उत्पादनमा परेको ठूलो आर्थिक भार र अर्थतन्त्रमा हुने नोक्सानी पहिलोपटक तथ्यांकले देखाएको एएनआईले उल्लेख गरेको छ ।

भियतनामको प्रहरीले हालै घरेलु र अन्तर्राष्ट्रियरूपमा हजारौं फेसबुक खाता चोरी गरी नियन्त्रणमा लिएको आरोपमा २० जनालाई पक्राउ गरेको छ । यसबाट उनीहरूले झन्डै ४० लाख डलर नाफा कमाएका छन् । भियतनामी अनलाइन समाचारपत्र भिएनई एक्सप्रेसका अनुसार २५ हजारभन्दा बढी उच्च-मूल्य व्यापार खाताहरू अधीनमा लिन मालवेयर फैलाएको आरोप छ । मालवेयर भनेको प्रयोगकर्ताको सहमतिविना कम्प्युटरमा स्थापना गरिएको सफ्टवेयर हो जसले पासवर्ड वा पैसा चोर्नेजस्ता खराब कार्यहरू गर्दछ ।

मालवेयर पत्ता लगाउने धेरै तरिका छन् तर सबैभन्दा सामान्य खराब फाइलहरू वा प्रोग्रामहरूका लागि कम्प्युटर स्क्यान गर्नु हो । यो समूहको नेतृत्व ३१ वर्षीय दाङ डिन्ह सनले गरेको विश्वास गरिन्छ । उनले फेसबुक प्रयोगकर्ताको खाताको जानकारी चोर्नका लागि ४१ हजार २०० डलरको मालवेयर स्रोत खरिद गरेका थिए । यो मालवेयर प्रयोग गरी दुई फोटो सम्पादन साइट 'आर्ट बे एआई' र 'इभोटो स्टुडियो'सँग सम्बन्धित दुई लोकप्रिय फेसबुक फ्यान पृष्ठहरू नियन्त्रण गर्नका लागि प्रयोग गरेको त्यहाँको सञ्चारमाध्यमले जनाएको छ ।

आर्ट बे एआई (कृत्रिम बुद्धिमत्ता कला) डिजिटल कलाको कुनै पनि रूप हो जुन एआई उपकरणद्वारा सिर्जना वा परिस्कृत गरिन्छ । इभोटो स्टुडिया अर्को पुस्ताको फोटो रिटचिङ उपकरण हो । यसले फोटो सम्पादनका विभिन्न पक्षलाई स्वचालित र वृद्धि गर्न उन्नत कृत्रिम बुद्धिमत्ता प्रविधिहरू प्रयोग गर्छ । त्यसपछि तिनीहरूले फेसबुक प्रयोगकर्ताहरूलाई एउटा अनुप्रयोग डाउनलोड र स्थापना गर्न प्रलोभन दिएर यसको मालवेयरले प्रयोगकर्ताको उपकरणहरूमा प्रवेश गर्ने छ ।

चोरी भएको डेटा संकलन गरी सनद्वारा नियन्त्रित सर्भरमा फिर्ता पठाइयो र त्यसपछि टेलिग्राममा पाँच समूहहरूमा वितरण गरियो, ताकि उसको टोलीका सदस्यलाई प्रयोगकर्ताका खाताहरू अपहरण गर्न अनुमति होस् । गिरोहले नाफाका लागि उच्च मूल्यका फेसबुक खाताहरू बेचेको थियो । कम मूल्यका अन्य खाता इ-कमर्स प्लेटफर्महरूमा कपडा र अन्य वस्तु बेच्न विज्ञापन चलाउन प्रयोग गरियो । त्यसबापत अभियुक्तले ३८ लाख डलर कमाएको थियो । अप्रिलसम्म भियतनाम फेसबुक प्रयोगकर्ताहरूको कूल संख्याको आधारमा विश्वमा सातौं स्थानमा रहेको समाचार एजेन्सी एएफपीमा उल्लेख भएको थियो ।

यस्तै एउटा वेबसाइट जसले अन्तर ाष्ट्रिय साइबर ठगीकर्तालाई ७० हजार ब्रिटिस पीडितलाई बैंक खाता विवरण र पासवर्डजस्ता व्यक्तिगत जानकारीहरू प्रकट र ठगी गर्न अनुमति दिएको लन्डन प्रहरीले बताएको छ । उनीहरूले ल्याबहोस्ट साइट कब्जा गरेका थिए, जसले दुई हजारभन्दा बढी अपराधीलाई 'फिसिङ' साइटहरू सिर्जना गर्न सक्षम बनाएको छ । फिसिङ एक प्रकारको सोसल इन्जिनियरिङ आक्रमण हो, जुन प्रायः लगइन प्रमाण र क्रेडिट कार्ड नम्बरसहित प्रयोगकर्ताका डेटा चोरी गर्न प्रयोग गरिन्छ । यसले पीडितलाई चार लाख ८० हजार बैंक कार्ड नम्बर र ६४ हजार नम्बरहरू प्रकट गर्न पाएको छ ।

बेलायत र विदेशमा कानुन प्रवर्तनले अप्रिलदेखि ३७ जनालाई गिरफ्तार गरेको र अन्य ८०० जनाले प्रहरीलाई उनीहरूको पहिचान थाहा छ भनेर चेतावनी दिइएको थियो । तीमध्ये धेरैको अनुसन्धान जारी रहेको छ । बेलायती प्रहरीले हजारौंको व्यक्तिगत डेटा चोरी गर्ने साइबर जालसाजी नेटवर्कलाई अवरुद्ध गरेको छ । साइटले ४० हजार घोटाला साइट सेट अप गर्न १७० कम्पनीहरूका प्रोफाइल प्रयोग गर्न कम प्राविधिक जानकार प्रयोगकर्ताका लागि टेम्प्लेट र कसरी गर्ने पाठ प्रदान गर्‍यो । पुलिसले २५ हजार बेलायतका पीडितलाई उनीहरूको डेटा सम्झौता भएकोबारे सूचित गरेको समाचार एजेन्सी एपीले प्रकाशित गरेको छ ।

डिजिटल साक्षरता कम भएका नेपालजस्ता मुलुकमा यो समस्या अझ विकराल बन्दै छ । नेपालमा यस वर्ष नौ हजार १३ साइबर अपराधका मुद्दा दर्ता भएका छन् । मुख्यतः नेपालमा फिसिङ अटयाक, फेक प्रोफाइल, सेक्स टोसनजस्ता मुद्दा बढी दर्ता भएको साइबर ब्युरोले जानकारी दिएको छ । सेक्स टोसन अपराधमा अपराधीले पीडितलाई आफ्नो निजी र नग्न तस्बिर वा भिडियो फोनमा सेयर गर्न प्रलोभन दिन्छ र प्रेरित गर्दछ । धेरै अवस्थामा व्यक्ति डेटिङ एप्स वा वैवाहिक वेबसाइट र एपहरूमार्फत अज्ञात व्यक्तिहरूसँग सम्पर्कमा आउँछन् । तिनीहरूसँग जोडिएका प्रोफाइल प्रायः नक्कली हुन्छन् । उदाहरणको रूपमा एकजना युवतीलाई करिब पाँच महिनाअघि सामाजिक सञ्जाल फेसबुकमा युवकको 'फ्रेण्ड रिक्वेस्ट' आयो । फेसबुक वालमा युवतीको आकर्षक तस्बिर देखेपछि युवकले साथी बन्ने प्रस्ताव पठाएका थिए ।

युवतीसँग युवकले केहीदिन कुरा गरेपछि युवक युवतीसँग अत्यधिक नजिक हुँदै जान्छन् । करिब एक महिनाको कुरा गरेपछि युवकले युवतीलाई नग्न तस्बिर र भिडियो साझा गर्न प्रेरित गर्छन् । पछि युवतीले दिएका नग्न तस्बिरहरू युवकले राखी युवतीलाई 'ब्ल्याकमेल' गर्न थाल्छ । उसले पैसाका लागि युवतीलाई जबरजस्ती गर्न थाल्छ । पैसा नदिएको खण्डमा युवकले युवतीको तस्बिर र भिडियो इन्टरनेटमा उसको परिवार आफन्त साथीसँग सेयर गर्ने धम्की दिन्छ । हाल हाम्रो समाजमा यस्ता घटना बढिरहेको र साइबर अपराधलाई बढावा दिइरहेको छ ।

साइबर अपराध २१औं शताब्दीको प्रमुख समस्या भएको छ । यसलाई समय अनुकूल रोक्न सकिएन भने भोलि कोभिड-१९ भन्दा बढी डरलाग्दो समस्या ल्याउनसक्ने साइबर सुरक्षामा संलग्न व्यक्तिहरू बताउँछन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतले समयानुकूल कडा कानुन निर्माणका लागि जोड दिइरहेको बेला नेपालमा पनि नयाँ कानुन ल्याउन लागिएको छ । यसको कार्यान्वयनमा जोड दिन सकिएमा सामाजिक सद्भाव बढाउन र आपराधिक प्रवृत्तिलाई निरुत्साहित गर्न सहयोग पुग्ने छ ।

*(एजेन्सीहरूको सहयोगमा/रासस)*


## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMNA BEAUTY BEAUTY SALON

पूर्व स्वीकृति मिति २०८१/०२/०५ | LT. No. 305039 | चलानी नं. ६०२१९७३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 150 | ५२८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 0 | 1 | 110 | ३८७७९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १३ गते (26th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAGARMATHA

Sagarmatha International Employment Pvt. Ltd.

K.B INTERNATIONAL EMPLOYMENT (P) LTD

Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com


## बनेपा नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### मल्चिङ प्लाष्टिक आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८१।०२।०६)

बनेपा नगरपालिकाका लागि आर्थिक वर्ष २०८०।०८१ मा बनेपा नगरपालिकाबाट कृषि कार्यक्रमतर्फ विनियोजित तपसिल वमोजिमका कार्यक्रमका लागि देहाय वमोजिमका सामग्री आपूर्ति गर्नुपर्ने भएकाले योग्य इच्छुक दर्तावाला संस्थाले रितपूर्वकको सिलबन्दी दरभाउपत्र म्यादभित्र बुझाउन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त बन्देज**

१. यस सम्बन्धी दरभाउपत्र फारम रु. १,०००। (एक हजार मात्र) (पछि फिर्ता नहुने) तिरी बनेपा नगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ ।
२. यो सूचना पूनः दोस्रो पटक प्रकाशित भएको मितिले पन्ध्रौ दिन (मिति २०८१।०२।२१ गतेभित्र) कार्यालय समय सम्ममा दरभाउपत्र फारम खरिद गर्न र सोह्रौं दिन दिनको २:०० बजेभित्रमा सिलबन्दी दरभाउपत्र फारम बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिनेछ ।
३. म्यादभित्र दर्ता भएका दरभाउपत्र फारमहरू दोस्रो पटक सूचना प्रकाशित भएका मितिले सोहौं दिन (मिति २०८१।०२।२२ गतेभित्र) दिनको ३:०० बजे यस कार्यालयमा खोलिने छ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि नरहे पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउपत्रसाथ आफुले कबोल गरेको कुल रकमले हुन आउने पाँच प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. बनेपा शाखामा रहेको हि.न.ग ३ ०१५०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रूपमा समावेश गरेको हुनुपर्ने छ ।
५. दरभाउ पत्र प्रस्तुत कर्ताले दरभाउ पत्रमा उल्लेखित स्पेशिफिकेसन वमोजिमका सामानको मूल्य अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
६. यस सूचनामा उल्लेखित दरभाउपत्रको म्याद दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिले पैतालिस दिनको हुनेछ ।
७. न्यूनतम अंक कबोल गर्ने दरभाउपत्र स्वीकृत गरी सामान आपूर्तिका लागि संझौता गरिने छ ।
८. स्वीकृत दरभाउपत्रदाताले बोलपत्र स्वीकृत भएको जनाउ पाएको मितिले सात दिन भित्र दरभाउपत्रमा उल्लेखित सामान बनेपा नगर कार्यपालिकाको कार्यालयले निर्दिष्ट गरेको स्थानमा आपूर्ति गर्नुपर्ने छ ।
९. दरभाउपत्रदाताले आफु दरभाउपत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वयं घोषणा गरेको कागजात पेश गरेको हुनुपर्ने छ । साथै संस्था नविकरण गरिएको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.व. २०७९।०८० सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरिएको हुनुपर्ने छ ।
१०. यस सूचनामा उल्लेखित पेश गरिने दरभाउपत्रमा दरभाउपत्र पेश गर्ने फर्मका तर्फबाट अख्तियार प्राप्त व्यक्तिले सहिछाप गरेको हुनुपर्ने छ ।
११. सम्झौता वमोजिमका सामान आपूर्ति भए पछि सामानको गुणस्तर विज्ञबाट परीक्षण गराउदा उपयुक्त भएको प्रमाणित भएमा सम्झौता वमोजिमको रकम एकमुष्ट भुक्तानी दिइनेछ ।
१२. दरभाउपत्र स्वीकृत भई सामान आपूर्ति भएका कारण तिर्नुपर्ने कुनै पनि कर दस्तुर बुझाउने दायित्व स्वीकृत दरभाउपत्रवालामा रहने छ ।
१३. यो सूचना यस कार्यालयको website: www.banepamun.gov.np मा हेर्न सकिने छ । साथै विस्तृत जानकारीका लागि कृषि शाखामा सम्पर्क राख्न सकिने छ ।
१४. अन्य विषय प्रचलित कानून वमोजिम हुनेछ ।
१५. कुनै पनि दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बनेपा नगरपालिकामा सुरक्षित रहनेछ ।

**कामको विवरण**

| क्र.सं. | सूचना नं. | आपूर्ति गर्नुपर्ने सामानको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सामानको नाम | संख्या | प्रति इकाई लागत अनुमान रु. (मु.अ.क समेत) | |
| १. | क्र. ५/०८०।०८१ | मल्चिङ प्लाष्टिक | ३२४ रोल | ३,७००। | |

१६. यस सूचना वमोजिमका सामान आपूर्ती गर्ने दरभाउपत्रदाताले तयार गरी आपूर्ती गरिने सामाग्री (उपकरण) को स्पेशिफिकेसन देहाय वमोजिम रहेको छ ।

| क्र.सं. | आपूर्ति गनुपर्ने सामनको विवरण | सामानको स्फेशिफिकेसन/मात्रा |
|---|---|---|
| १. | मल्चिङ प्लाष्टिक सिल्भर कलर | २५ माइक्रोन प्लाष्टिक, १.२० मि.x ४०० मिटर, प्रति रोल न्युनतम ११-१२ किलोग्राम |

# भारतभन्दा जीवन्त लोकतन्त्र अन्यत्र छैन : ह्वाइटहाउस



**वासिङ्टन डिसी (अमेरिका)-** आमनिर्वाचनमा आफ्नो मताधिकार प्रयोग गरेकोमा भारतका जनताको प्रशंसा गर्दै ह्वाइट हाउसले शुक्रबार भारतभन्दा जीवन्त लोकतन्त्र संसारमा नभएको बताएको छ ।

राष्ट्रिय सुरक्षा सञ्चार सल्लाहकार जोन किर्बीले भावी सरकार निर्माणमा भारतीय जनताले देखाएको सक्रियताको प्रशंसा गरे ।

किर्बीले एक पत्रकार सम्मेलनमा भने, 'संसारमा भारतभन्दा जीवन्त लोकतन्त्र धेरै छैनन् र हामी भारतीय जनतालाई उनीहरूको मतदान गर्ने क्षमता र भावी सरकार निर्माणका लागि देखाएको सक्रियताको प्रशंसा गर्दछौं र शुभकामना दिन्छौं ।' भारतको आमनिर्वाचनप्रति अमेरिकी राष्ट्रपतिको विचारबारे सोधिएको प्रश्नको जवाफ दिँदै उनले यस्तो बताएका हुन् ।

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारत-अमेरिका सम्बन्धको बारेमा अर्को प्रश्नको जवाफ दिँदै ह्वाइट हाउसका अधिकारीले भने, 'म विगत तीन वर्षमा अडिग रहन्छु, भारतसँगको हाम्रो सम्बन्ध अत्यन्त निकट छ र निकट हुँदै गइरहेको छ ।'

'तपाईंले यो राज्य भ्रमणमा देख्नुभयो । हामीले महत्त्वपूर्ण उदीयमान प्रविधिहरूमा सँगै काम गर्ने सबै प्रकारका नयाँ पहल सुरु गरेका छौं र इन्डो-प्यासिफिक क्वाडको प्रासंगिकतालाई सुदृढ र विस्तार गरेका छौं जसको भारत एक हिस्सा हो, यो एक धेरै जीवन्त सक्रिय साझेदारी हो र हामी प्रधानमन्त्री मोदीको नेतृत्वका लागि आभारी छौं,' किर्बीले भने । *रासस/एएनआई*

# अफगानिस्तानमा आकस्मिक बाढीले ५० को मृत्यु

**काबुल-** पश्चिमी अफगानिस्तानमा आकस्मिक बाढीले ५० जनाको ज्यान गएको प्रान्तीय प्रहरीले शनिबार जनाएको छ । 'शुक्रबार बाढीका कारण घोर प्रान्तका ५० जना बासिन्दाको मृत्यु भएको छ भने अन्य धेरैजना बेपत्ता रहेका छन्,' घोर प्रहरी प्रवक्ता अब्दुल रहमान बाद्रीले एक विज्ञप्तिमा भने ।

'बाढीले करिब दुई हजार घर ध्वस्त पार्नुका साथै हजारौं घरलाई क्षति पुऱ्याएको छ, बाढीले हजारौं गाईवस्तु पनि मरेका छन्, सयौं हेक्टर कृषियोग्य जमिनमा क्षति, सयौं पुल र हजारौं रुखहरू नष्ट भएका छन्,' उनले थप बताए ।

प्रान्तभित्रका प्रमुख सडकहरू 'पूर्णरूपमा अवरुद्ध' भएका थिए । विश्व खाद्य कार्यक्रम र तालिबान अधिकारीका अनुसार उत्तरी बघलान प्रान्तमा गत हप्ता पनि आकस्मिक बाढीका कारण सयौं मानिसको मृत्यु भएको थियो ।

*रासस/एएफपी*

## राप्ती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भण्डारा, चितवन
बागमती प्रदेश, चितवन

### आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८१/०२/०६

यस कार्यालयद्वारा मिति २०८०/१२/२३ मा प्रकाशित बोलपत्र अह्वावन सम्बन्धी सूचना बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कनमा निम्न अनुसारको बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव स्वीकृत भएको हुँदा निज बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/०२/१३ गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावलीको २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| 1. | 001/Works/NCB/RM/080/081 | River Training Works at Dudhkoshi Khola At Rapti-09 | • M/S Akela-Sarvashri J.V., Kathmandu,Nepal<br>• M/S B And B- Rupa J/V Bhaktapur, Nepal<br>• M/S D and B Construction Bharatpur-12<br>• M/S Dynamic-Mangalasaini J.V., Bharatpur-04, Chirwan<br>• M/S Masding Devi Nirman Sewa p. Ltd. Madhyapur, Bhaktapur<br>• M/S Pashupati Nirman Sewa Pvt. Ltd, Bharatpur-10, Chitwan<br>• M/S Shakti Shiva-GRM J/V Kalika Municipality-09<br>• M/S Swotali/ Srijanisil J/v, Kathmandu |

Chief Administrative Officer


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १३९३०० | प्रति तोला – १३८६५० | प्रति तोला – १८०० |

मिडिया एलाइन्सले बुझायो अर्थमन्त्रीलाई मागपत्र

## सञ्चार उद्योगलाई सहुलियतको व्यवस्था गर्न माग



■ प्रभाव संवाददाता

**काठमाडौं–** मूलधारका व्यावसायिक मिडियाहरूको छाता संगठन मिडिया एलाइन्स नेपालले सञ्चार उद्योगलाई बचाउन आगामी बजेटमा सहुलियतको व्यवस्था गर्न माग गरेको छ। एलाइन्सको एक प्रतिनिधिमण्डलले शुक्रबार अर्थमन्त्री वर्षमान पुनसमक्ष उक्त माग राखेको हो। अर्थमन्त्रीलाई भेट्न पुगेको टोलीले सञ्चार गृहहरूले अहिले सामना गरिरहेको आर्थिक संकटको अवस्थाबारे जानकारी गराएको थियो।

बजेट निर्माणको पूर्वसन्ध्यामा एलाइन्सका महासचिव दिरेकलाल श्रेष्ठको नेतृत्वमा गएको टोलीले अर्थमन्त्री पुनसमक्ष विभिन्न मागसहितको मागपत्र बुझाएको छ। उक्त मागपत्रमा केही वर्षदेखि आएका विनासकारी महामारी एवं त्यसपछिको विश्वव्यापी आर्थिक संकटका कारण सञ्चार उद्योग धराशायी अवस्थामा पुगेको बताइएको छ। सुस्त अर्थतन्त्रका कारण सञ्चार उद्योगले भोगिरहेको संकटलाई समाधान गर्न सरकारको सहयोग नहुने हो भने मूल प्रवाहका व्यावसायिक मिडिया बन्द हुने अवस्थामा पुग्ने उल्लेख गरिएको छ।

उक्त मागपत्रमा नेपालको सञ्चार क्षेत्रले राजनीतिक परिवर्तन एवं आर्थिक विकासका लागि राष्ट्र र जनता पक्षमा निरन्तर गरेको योगदान र आगामी दिनमा खेल्न सक्ने भूमिकालाई उल्लेख गरिएको छ। साथै मूलप्रवाहका सञ्चारमाध्यम कमजोर हुँदा समाजमा गलत सूचना प्रवाह हुने, नागरिकहरू दिग्भ्रमित हुने र त्यसको प्रत्यक्ष असर राजनीतिदेखि सबै क्षेत्रमा पर्ने बताइएको छ। यही कारण सरकारले मिडियाका लागि तत्काल राहत र संरक्षणको पहल गर्नुपर्नेमा पत्रमा जोड दिइएको छ।

अर्थमन्त्री पुनलाई बुझाइएको पत्रमा विज्ञापन, सहुलियतपूर्ण कर्जा र नियमन सम्बन्धमा सरकारलाई तत्काल केही व्यवस्था गर्न आग्रह गरिएको छ। बिमा कम्पनी, शिक्षण संस्था, बैंक तथा वित्तीय संस्थालगायतका क्षेत्रबाट हुने विज्ञापनको सीमा निर्धारण गरी निश्चित रकमभन्दा बढीको विज्ञापन गर्न नपाउने हालको व्यवस्था परिवर्तन गरी सञ्चार क्षेत्रमा जाने विज्ञापनमा सीमा हटाउने व्यवस्था गर्न आग्रह गरिएको छ। यस्तै आमसञ्चार माध्यममा मदिराजन्य पदार्थको विज्ञापन गर्न अहिले रोक लगाइएकोमा यसलाई पनि खुला गर्न माग गरिएको छ।

पत्रमा सम्पूर्ण सरकारी विज्ञापन विज्ञापन बोर्डबाट विज्ञापन एजेन्सीमार्फत जाने र विज्ञापनदाताले विज्ञापनको रकम भुक्तानी गर्दा सम्बन्धित सञ्चारमाध्यमको बिल अनिवार्य रूपमा संलग्न हुनुपर्ने व्यवस्था गर्न पनि माग गरिएको छ। यस्तै नेपालमा व्यापार, व्यावसाय तथा सेवासम्बन्धी कार्य गर्ने नेपाली कम्पनीले सम्पूर्ण कारोबारको कम्तीमा एक प्रतिशत र विदेशी कम्पनीले सम्पूर्ण कारोबारको कम्तीमा तीन प्रतिशत रकम विज्ञापनमा खर्च गर्नुपर्ने व्यवस्था गर्न पनि सरकारसँग माग राखिएको छ।

एलाइन्सले बुझाएको उक्त मागपत्रमा सञ्चार उद्योगलाई अन्य कुनै धितो नराखी सम्बन्धित मिडिया कम्पनी नै धितो राखेर बढीमा तीन प्रतिशत ब्याजदरमा १० करोड रूपैयाँसम्म थप सहुलियत ऋण दिने व्यवस्था गर्न पनि माग राखिएको छ। यस्तै मूल्य अभिवृद्धि कर (भ्याट) समयमै नबुझाएका कारण लाग्ने ब्याज तथा जरिवानालाई मिनाह गरी बुझाउन बाँकी भ्याट किस्ताबन्दीमा बुझाउन पाउने व्यवस्था गर्न पनि पत्रमा भनिएको छ। रेडियो तथा टेलिभिजनको नवीकरणमा लाग्दै आएको दुई प्रतिशत रोयल्टी शुल्क मिनाह गर्ने माग पनि राखिएको छ।

पत्रपत्रिका छपाइका लागि प्रयोग हुने न्युज प्रिन्टमा लाग्दै आएको एक प्रतिशत भन्सार शुल्क मिनाहाको सुविधा पनि माग गरिएको छ। यस्तै सरकारी नियमनमा नपरेका सामाजिक सञ्जालहरू युटचुब च्यानलहरूको नियमनका लागि पनि मिडिया एलायन्सले सरकारसँग माग गरेको छ।

मागपत्र बुझ्दै अर्थमन्त्री पुनले सुस्त अर्थतन्त्रका कारण अन्य उद्योगमा जस्तै मिडिया क्षेत्रमा पनि प्रभाव परेकाले सरकारले सकेसम्म सहयोग गर्ने प्रतिबद्धता जनाए। उनले लोकतन्त्र स्थापनामा आमसञ्चार माध्यमले खेलेको भूमिका अतुलनीय रहेको बताए। सञ्चारमाध्यम जोगिएमात्र लोकतन्त्र बलियो हुनसक्ने भएकाले आगामी बजेटमा सञ्चार क्षेत्रको समस्या समाधान गर्न सकेसम्म व्यवस्था गर्ने अर्थमन्त्री पुनको प्रतिबद्धता छ।

## चितवनको देवनगर सबस्टेसन सञ्चालनमा

■ प्रभाव संवाददाता

**चितवन–** चितवनको देवनगर सबस्टेशन शनिबारेखि सञ्चालनमा आएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ।

चितवनको भरतपुर महानगरपालिका-६ देवनगरमा निर्माण गरिएको ३३/११ केभी क्षमताको सबस्टेसन तथा गोन्द्राङ-देवनगर ३३ केभी प्रसारण लाइन उद्घाटन गरिएको हो। भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलेसंयुक्त रूपमा सबस्टेसन तथा प्रसारण लाइनको उद्घाटन गरेको उपकार्यकारी निर्देशक मनोज सिल्वालले जानकारी दिए।

कार्यक्रममा प्रमुख दाहालले विद्युत् आपूर्तिमा रहेको न्यू भोल्टेजका कारण उद्योग व्यवसाय नचलेको, पंखा नचलेको भन्ने उपभोक्ताबाट आउने गुनासो देवनगर सबस्टेसन सञ्चालनमा आएपछि सम्बोधन हुने बताइन्।

चितवन राष्ट्रिय निकुञ्ज, स्थानीय बासिन्दालगायतको साथ र सहयोगले लाइन तथा सबस्टेसन निर्माण भएको उल्लेख गर्दै प्रमुख दाहालले स्थानीयको मागबमोजिम केही क्षेत्रमा नाङ्गो तार बदलेर कालो तार राख्ने र तारलाई भूमिगत गर्ने कार्य गर्न आग्रह गरिन्। महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले सबस्टेसन सञ्लनमा आएसँगै महानगरपालिकाको पश्चिमी भेगको विकासका लागि कोशेढुङ्गा साबित हुने बताए।

चितवनका प्रमुख जिल्ला अधिकारी भुपेन्द्रजङ्ग थापाले सबस्टेसन निर्माणबाट त्यस क्षेत्रबाट आउने विद्युत् आपूर्तिको गुनासो सम्बोधन र उद्योग कलकारखाना स्थापनाका लागि आधार तयार भएको बताए।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले आगामी ५० वर्षमा महानगरपालिकामा हुने विद्युत् मागमा प्रक्षेपण गरी २४ सै घण्टा विश्वसनीय, गुणस्तरीय र पर्याप्त विद्युत आपूर्तिका लागि काम अगाडि बढाइसकेको बताए।

महानगर क्षेत्रमा भइरहेको तिब्र सहरीकरणका कारण बढिरहेको विद्युत् मागलाई सम्बोधन गर्न ३३ केभीको रिङमार्फत १२३ केभी सबस्टेसनमा जोड्ने गरी काम भइरहेको उनले बताए। प्राधिकरणका वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक सिलवालले विद्युत् मागबमोजिम आपूर्ति दिन नसकेर त्यस क्षेत्रमा बाध्यकारी लोडसेडिङ गर्नुपर्ने अवस्थाको देवनगर सबस्टेसन बनेपछि अन्त्य भएको उल्लेख गरे। उनले अब त्यस क्षेत्रमा माग बमोजिम गुणस्तरीय र पर्याप्त विद्युत् दिन सकिने बताए।

देवनगर सबस्टेसनबाट महानगरपालिकाका वडा नं ५, ६, ८, ९, १३, १४, १५, २२ र २३ मा विद्युत् आपूर्ति दिइएको छ। सबस्टेसनमा २४ एमभिए क्षमताको पावर ट्रान्सफर्मर राखिएको छ। त्यसबाट करिब २२ मेगावाट विद्युत् आपूर्ति गर्न सकिने छ।

वडा नं ११ स्थित १३२ केभी बसेनी सबस्टेसनबाट गएको ३३ केभी लाइनलाई गोन्द्राङमा ट्यापिङ गरी वनदेवी, सल्लेनी, गौरीगञ्ज, बरुवा, केशरबाग हुँदै देवनगर सबस्टेसनसम्म पुऱ्याइएको छ। गोन्द्राङबाट देवनगर सबस्टेसनसम्म झण्डै नौ किलोमिटर ३३ केभी प्रसारण लाइन निर्माण गरिएको छ। देवनगर सबस्टेसनबाट स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ११ केभीका चार फिडर निकालिएका छन्।

देवनगर सबस्टेसनबाट विद्युत् आपूर्ति दिन थालेपछि भरतपुरको दक्षिण-पश्चिम क्षेत्रमा पर्ने गौरीगञ्ज, प्रेमबस्ती, शिवनगर, फुलबारी, गितानगर, पटिहानी, सितामाई क्षेत्रका उपभोक्ताले बेहोर्दै आएको न्यून भोल्टेजको समस्या समाधान भई आपूर्ति पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित भएको छ।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको ग्रिड सोलार तथा ऊर्जा दक्षता आयोजना (प्योकेज-९) अन्तर्गत प्राप्त सहुलितपूर्ण ऋणमा ३३ केभी लाइन र सबस्टेसन निर्माण गरिएको हो। गोन्द्राङ-देवनगर ३३ केभी प्रसारण लाइन र सबस्टेसनको लागत रु १० करोड रहेको आयोजना निर्देशक/संयोजक अच्युत घिमिरेले जानकारी दिए।

सबस्टेसन तयार भए पनि लाइन निर्माणमा स्थानीयको अवरोध र वातावरणीय अध्ययन तथा स्वीकृतिमा समय लाग्दा सबस्टेसन सञ्चालनमा ल्याउन केही ढिलाइ भएको थियो। कोभिड-१९को महामारी, जग्गा अधिग्रहणमा समस्या, चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र (बफर जोन)मा पर्ने जङ्गल हुँदै प्रसारण लाइन लैजानु पर्ने र त्यसका लागि संक्षिप्त वातावरणीय प्रभाव अध्ययन तथा स्वीकृतिमा समय लाग्दा, स्थानीयको अवरोधलगायतका कारणले निर्माणमा केही ढिलाइ भएको हो।




## नेपाली कागजबाट मासिक एक लाख आम्दानी

**फुङ्लिङ –** फुङ्लिङ नगरपालिका-६ स्थित छिरिङ नेपाली हाते कागज उद्योगका सञ्चालक पासाङ लाक्पा शेर्पा अधिकांश समय आफ्नै उद्योगमा कागज बनाउने काममा व्यस्त भेटिन्छन्।

पुख्यौली पेसाका रूपमा शेर्पाले नेपाली हाते कागज बनाउने काम गर्दै आएका हुन्। उनका बुबाले कागज बनाउने काम गर्थे। कागज उद्योगमा हुर्किएका उनले पनि बुबाआमालाई सघाउँदा सघाउँदै कागज बनाउने सीप सिके। शेर्पाको पुख्यौली घर भोजपुर जिल्ला हो। उनले २०४९ सालमा तेह्रथुम जिल्लाको वसन्तपुर क्षेत्रमा कागज उद्योग सञ्चालन गरे। त्यसपछि ताप्लेजुङको याम्फुदिन, खेवाङ क्षेत्रमा कागज उद्योग सञ्चालन गरे। २०६१ सालमा ताप्लेजुङको सदरमुकाम फुङ्लिङ नजिकै छिरिङ हाते कागज उद्योग दर्ता गरेर अहिले सञ्चालन गर्दै आएका हुन्। अहिले उनको कागज उद्योगमा १० जनाले रोजगारी पाएका छन्।

कागज उद्योगबाट खर्च कटाएर वार्षिक रु १२ लाख आम्दानी हुने गरेको शेर्पाले बताए। उद्योगकै आम्दानीले छोराछोरीको पढाइमा खर्च गरी बचतबाट सदरमुकाममा जग्गा खरिद गरेका



छन्। अहिले उनी घर बनाउने तयारीमा छन्। शेर्पाको उद्योगको उत्पादन ९० प्रतिशत काठमाडौं हुँदै जापान, चीन, जर्मनलगायत देशमा निर्यात हुने गरेको छ। जिल्लाका सरकारी तथा गैरसकारी कार्यालयलाई वार्षिक रु चार लाख बराबरको कागज बिक्री गर्ने गरेको शेर्पाले बताए।

शेर्पाले घरेलु कार्यालयमा उद्योग दर्ता गरी नेपाली कागज उत्पादन गरेको पाँच वर्ष भइसकेको छ। 'कागज जति उत्पादन गरे पनि बिक्रीका लागि समस्या छैन', शेर्पाले भने, 'बरु कागज उत्पादनका लागि कच्चापदार्थको अभाव हुने गरेको छ।'

उद्योगमा १० ग्राम, २० ग्राम, ३० ग्राम र ४० ग्राम तौलका कागज उत्पादन हुने गरेको उनले जानकारी दिए। उनका अनुसार २० ग्राम कागजको प्रतिपन्ना रु २० र ४० ग्राम कागजको प्रतिपन्ना रु ४० मा ठूला उद्योगले खरिद गरेर लैजान्छन्। शेर्पाको उद्योगबाट गर्मी मौसममा दैनिक एक हजार छ सय थान र जाडो मौसममा आठ सय थानसम्म कागज उत्पादन हुनेगर्छ। 'जाडो मौसममा सुक्न अलिक समय लाग्ने भएकाले गर्मी मौसममा भन्दा कम उत्पादन हुन्छ', शेर्पाले भने, 'गर्मी मौसममा बढीमा तीन घण्टाभित्र जालीमा राखेको लेदो सुकेर कागज तयार हुन्छ तर जाडामा सुक्न पाँच घण्टा लाग्छ।'

घरेलु तथा साना उद्योग कार्यालय ताप्लेजुङका अनुसार ताप्लेजुङमा १९ वटा नेपाली हाते कागज उद्योग दर्ता छन्। त्यसमध्ये केही उद्योग मात्र सञ्चालनमा छन्। *रासस*

## हेटौंडा उपमहानगरद्वारा लक्ष्यको ८५ प्रतिशत राजस्व संकलन

**बाग्मती (प्रस)–** मकवानपुरको हेटौंडा उपमहानगपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को १० महिनामा लक्ष्यको ८५ प्रतिशत राजस्व संकलन गरेको छ।

विश्वव्यापी रूपमा आर्थिक मन्दी भइरहेका बेला उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को १० महिनामा रु २६ करोड ३५ लाख ३२ हजार पाँच सय ६० राजस्व संकलन गरेको छ। यो अघिल्लो आर्थिक वर्ष २०७९/८० को सो अवधिको तुलनामा करिब चार दशमलव ५२ प्रतिशत कम राजस्व संकलन हो।

उपमहानगरपालिकाले चालु आवमा रु ३० करोड ९४ लाख पाँच हजार राजस्व संकलन गर्ने लक्ष्य लिएकामा साउनदेखि वैशाखसम्म १० महिनाको अवधिमा विभिन्न शीर्षकमा रु २६ करोड ३५ लाख ३२ हजार पाँच सय ६० राजस्व संकलन भएको उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख श्यामकुमार श्रेष्ठले जानकारी दिए।

उपमहानगरपालिकाले एकीकृत सम्पत्ति करबाट रु पाँच करोड ९४ लाख २० हजार, घरबहाल करबाट रु चार करोड ६६ लाख ८७ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट रु चार करोड ५९ लाख ८६ हजार, बहाल बिटोरी करबाट रु दुई करोड पाँच लाख ४७ हजार, सिफारिस दस्तुरबाट रु दुई करोड ८६ लाख ३१ हजार, व्यवसाय रजिष्ट्रेशन दस्तुरबाट रु एक करोड ९४ लाख २४ हजार, सरकारी सम्पत्ति बहालबाट रु एक करोड ९६ लाख, ढुङ्गा, गिट्टी, बालुवा बिक्रीबाट रु एक करोड ८० लाख, नक्सा पास दस्तुरबाट रु ७८ लाख ६२ हजार र प्रशासनिक दण्ड जरिवानाबापत रु ५१ लाख ३२ हजार दुई सय ५५ राजस्व संकलन भएको श्रेष्ठले बताए।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ